# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०७५।७६
चलानी नं:

मिति: २०७५।१२।१७

श्री प्रमुखज्यू,
सुर्नया गाँउपालिका,
बैतडी, सुदुरपश्चिम ।

विषय : **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सुर्नया गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ३५ लाख ९२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.७६ लाख ८७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२९ लाख २७ हजार र पेश्की रु.२३ लाख १३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभइ कायम व्यहोराहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ३१ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखा परीक्षक

# सुर्नया गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो गाँउपालिका अर्न्तगत ८ वडा, ४४ गाँउ सभा सदस्य, १२४.५० वर्ग कि.मी. क्षेत्रफल, १८,५४९ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि. नं | आय तर्फ | | | सि. नं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | बिवरण | रकम | रकम | | बिवरण | रकम | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | ६२,६०,०८१ | १ | **चालू खर्च** | १६,१९,२२,८६८ | १६,१९,२२,८६८ |
| | क) नगद | ० | | २ | **पुँजीगत खर्च** | ८,८८,५८,५७१ | ८,८८,५८,५७१ |
| | ख) बैंक | ६२,६०,०८१ | | ३ | **वित्तीय ब्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५,०६,७४५ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ५,०६,७४५ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व वांडफांड | | | | ग) अन्य भुक्तानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २८,६१,०८,४०० | ४ | **लगानी** | | |
| | क) वित्तीय समानीकरण अनुदान | १५,८५,८४,००० | | | क) ऋण भुक्तानी | | |
| | ख) सशर्त अनुदान | ९,४८,६६,००० | | | ख) शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | | ग) अन्य लगानी | | |
| | घ) बिशेष अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | ० | ० |
| | ङ) एलजिसिडिप चालु अनुदान | २३०,००० | | ६ | **कोष खर्च** | | ० |
| | च) एलजिसिडिपि पुँजीगत अनुदान | ४००,००० | | ७ | **को.ले.नि.का.फिर्ता** | ६९,५६,३८० | ६९,५६,३८० |
| | छ) सामाजिक सुरक्षा कार्यक्रम | ३,०६,९२,००० | | ८ | **मौज्दात बाँकी** | | ३,५५,७०,५०३ |
| | ज) बहुक्षेत्रीय पोषण कार्यक्रम | ९,०७,४०० | | | क) नगद | | |
| | झ) गरीवसंग बिश्वेश्वर कार्यक्रम | ४,२९,००० | | | ख) बैंक | ३,५५,०६,४९० | |
| ४ | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | | ३,१८,००० | | ग) स्थानीय तह धरौटी खाता | ६४,०१३ | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख) सशर्त अनुदान | | | | | | |
| | ग) बिशेष अनुदान | | | | | | |
| | घ) समपूरक अनुदान | | | | | | |
| | ङ) प्रोत्साहन अनुदान | ३,१८,००० | | | | | |
| ५ | **अन्तर स्थानीय तहवाट प्राप्त** | | | | | | |
| ६ | **बित्तिय ब्यवस्था प्राप्ती** | | | | | | |
| ७ | **बिभिन्न कोष तर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता नगद** | | | | | | |
| ९ | **बिषयगत निकायवाट प्राप्त** | | | | | | |
| १० | **धरौटी आय** | ६४,०१३ | ६४,०१३ | | | | |
| ११ | **अन्य आय** | ५१,०८३ | ५१,०८३ | | | | |
| | **जम्मा** | २९,३३,०८,३२२ | २९,३३,०८,३२२ | | **जम्मा** | २९,३३,०८,३२२ | २९,३३,०८,३२२ |

| बेरुजू दफा | लेखापरीक्षबाट देखिएको व्यहोरा | रकम रु. |
|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिए अनुरुपको प्रक्रिया मिलाई कार्यक्रम तयार गर्नुपर्दछ । | |
| २. | **स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सो अनुरुप नभएको सम्बन्धमा छलफल हुँदा गाँउ सभाको पहिलो बैठक मिति २०७४।५।३ मा मात्र बसेको र स्थानीय सरकार संचालन ऐन, २०७४ मिति २०७४।६।२९ गते मात्र जारी भएकोले सो लागु नभएको जनाएको छ । | |
| ४. | **बजेट पेश एवं पारित :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) बमोजिम कार्यपालिकाले तोकेको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र छलफल पश्चात पेश भएको वजेट असार मसान्त भित्र पारित गरी सक्नुपर्ने व्यवस्था भएकोमा २०७४ भाद्र ४ मा बजेट पारित गरेको छ । ऐनले तोके बमोजिम समयमा बजेट पारित गरिनु पर्दछ । | |
| ५. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । कार्यालयले भ्रमण अभिलेख खाता नराखेको, कर्मचारीलाई कार्य बिवरण दिई कामको बाँडफाँड नगरेको, घर भाडा लिंदा आवश्यक्तालाई ध्यान नदिएको, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, ई हाजिरीको प्रयोग नगरेको, आवश्यक्तालाई ध्यान नदिई भ्रमण खर्च गरेको जस्ता व्यहोरा देखिएका छन । ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने देखिन्छ । | |
| ६. | **आन्तरिक लेखापरीक्षण नभएको :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरिक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण | |

| | | |
|---|---|---|
| | हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउ कार्यपालिकाको मिति २०७५।४।१३ को निर्णयबाट कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीलाई अनुरोध गरेतापनि आन्तरिक लेखापरीक्षण भएको पाइएन । समयमा आन्तरिक लेखापरीक्षण गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७. | **जिन्सी वा सरकारी सम्पत्तिको व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ मा जिन्सी सामानको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढांचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । त्यसै गरी नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने मालसामान तीन महिना भित्र र लिलाम गर्नुपर्ने सामान छ महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परल मुल्य, स्पेशिफिकेसन, उत्पादन गर्ने देश वा कम्पनीको नाम, साईज, प्रति इकाई मूल्य, अनुमानित आयु नखुलेको जस्ता व्यहोरा देखिएको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न कार्यालयबाट आएका एवं चालु हालतमा नरहेका वेसावुत सामानहरुको समयमा मर्मत एवं लिलाम कार्य अगाडि बढेको देखिएन । अतः आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा जिन्सी खाता अध्यावधिक गर्ने तथा हस्तान्तरण गरेको सामानको अभिलेख र प्रमाण राख्ने एवं समयमा मर्मत, लिलामको प्रक्रिया अलवम्बन गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिएको छ । | |
| ८. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाँउपालिकाले ध्यान दिनुपर्दछ । | |
| ९. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाँउपालिकाले उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । आवश्यक लक्ष्य तोकी कार्यक्रम संचालन गर्ने र कार्ययोजना अनुसार बजेट परिचालन गरी प्रगति हासिल गर्नुपर्दछ । | |
| १०. | **निर्णय कार्यान्वयन :** गाँउसभाको निर्णय कार्यान्वयन स्थिति सम्बन्धी परीक्षण गरेकोमा मिति २०७४।५।४ को गाँउसभाको बैठकको निर्णय कार्यान्वयन हुँदा देहायको अवस्था देखिएकोले निम्नानुसारको उदाहरणार्थ प्रस्तुत गरिएको छ । गाँउसभाको निर्णय विपरित हुने गरी र कार्यान्वयन नै नगर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । | |

| निर्णय नं. र निर्णय मिति | गाँउसभाको निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३ - २०७५/५/४ | विनियोजन रकम अनुसार मात्र खर्च गर्ने | कार्यापालिकाले योजना संशोधन गरी खर्च गरेको |
| ७ - २०७५/५/४ | सम्भाव्यता अध्ययन गरेर मात्रै योजना कार्यान्वयन गर्ने । | अधिकांश योजना सम्भाव्यता अध्ययन बेगर सञ्चालन भएका छन |
| ८ - २०७५/५/४ | योजनाको अन्तिम रकम भुक्तानी गर्दा (भिडियो) दृष्यावलोकन गरी कार्यापालिकामा प्रस्तुत गरे पश्चात् मात्र फरफारक र भुक्तानी गर्ने । | कुनैपनि योजनामा सो बमोजिम नभएको । |
| १० - २०७५/५/४ | योजनाको अनुगमन मूल्याकंन गरी वडामा प्रतिवेदन दिई उक्त प्रतिवेदन सार्वजनिक सुनुवाई र पारदर्शिताका साथ सबै जनसमुदाय समक्ष प्रस्तुत गर्ने । | त्यस्तो कुनै व्यवस्था लागू नभएको । |

११. **बैंक हिसाब :** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यस वर्षको आम्दानी रु.२९,३३,०८,३२२।० र खर्च रु. २५,७७,३७,८२०।०, बैंक मौज्दात रु.३,५५,७०,५०३।० रहेको छ । आम्दानी, खर्च र बैंक मौज्दात बीच फरक परेको छैन । कार्यालयले एकमुष्ट रुपमा वर्षको अन्तमा बैंक हिसाब मिलान तयार गरी हिसाव मिलान गरेको देखिन्छ । मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

१२. **घटी जिम्मेवारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखांकन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत बर्षको बाँकी रहेको रकम रु.५३,४९,५३३।१८ जिम्मेवारी सार्नुपर्नेमा ४८,००,००० मात्र सारेकोले नपुग रु.५,४९,५३३।१८ सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१३. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३२ रहेपनि पदपूर्ति ७ मात्र रहेको देखियो । ति मध्ये १ जना इन्जिनियर करारमा राखि कार्य संचालन गरिएको छ । आवश्यक पद समयमा पुर्ति गर्ने र अनावश्यक पद भए खारेज गर्नु पर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१४. **एकिकृत बैंक मौज्दात :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेशगर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको छ । सवै कारोवार समेट्दा कार्यालयको वैंक मौज्दात रु.३,५५,७०,५०३।० रहेको छ ।

१५. **संचित कोष दाखिला** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा, गाँउपालिकाले यो बर्षको सशर्त अनुदान तर्फको बार्षिक बजेट रु.९,४८,६६,०००।० रहेको ९,४८,६६,०००।० निकासा लिई रु.८,९४,२७,६७०।० खर्च भई बाँकी रहेको रु.५४,३८,३३०।० मिति २०७५।०३।३१ गते संघीय सञ्चित कोषमा दाखिला गरिएको छ ।

| क्र.स. | अनुदानको किसिम | बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | सुर्नया गाँउपालिका शिक्षा अनुदान | ७५९,५१,००० | ७३३,१६,४६९ | २६,३४,५३१ |
| २ | सुर्नया गांउपालिका स्वास्थ्य अनुदान | १७४,३४,००० | १४६,३३,०७१ | २८,००,९२९ |
| ३ | सुर्नया गाँउपालिका कृषि अनुदान | ८९०,००० | ८,८७,१३० | २८७०, |
| ४ | सुर्नया गाँउपालिका पशु अनुदान | ५९१,००० | ५९१,००० | ५९१,००० |
| **जम्मा** | | **९,४८,६६,०००** | **८,९४,२७,६७०** | **५४,३८,३३०** |

१६. **राजस्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरु बाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला यकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

१७. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी

<table>
<tr><td></td><td>हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी खाता २०७५ आषाढ मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्ति तथा जिन्सीको अभिलेख लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाँउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति तथा निकायको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाँउपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । समयमा श्रोत नक्सांकन गरी योजनाबद्ध विकास प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>पेश्की : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । गत बर्षको म्याद नाघेको रु. ६९,८७,७७१।० पेश्की यो बर्ष फछ्र्यौट नभइ बाँकी रहेको छ । त्यसै गरी वित्तीय समानिकरण अनुदान तर्फको बजेटबाट यो बर्ष गाँउपालिकाका ९ जनाको नाममा रु.२३,१२,९००।० देहाय अनुसार आषाढ मसान्तसम्म फछ्र्योट नभै बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिनेको नाम,ठेगाना</th><th>उद्देश्य</th><th>पेश्की रकम रु</th></tr>
<tr><td>१</td><td>मणिलेक मन्दिर निर्माण समिति</td><td>मन्दिर निर्माण</td><td>३३००००।०</td></tr>
<tr><td>२</td><td>डाडालेक मन्दिर निर्माण समिति</td><td>मन्दिर निर्माण</td><td>१६५०००।०</td></tr>
<tr><td>३</td><td>सैनी खानेपानी योजना उ.स.</td><td>खानेपानी निर्माण</td><td>२५००००।०</td></tr>
<tr><td>४</td><td>बंसल्ला पनखोला स.नि.स.</td><td>सडक निर्माण</td><td>२५००००।०</td></tr>
<tr><td>५</td><td>खालीगैर सिंचाइ यो.उ.स.</td><td>सिंचाइ सम्बन्धी काम</td><td>२५००००।०</td></tr>
<tr><td>६</td><td>सतबांझ चौराह खा.पा.योजना</td><td>खानेपानी निर्माण</td><td>४०००००।०</td></tr>
<tr><td>७</td><td>बुर्थली घोरेटो बाटो निर्माण समिति</td><td>बाटो निर्माण</td><td>१६८०००।०</td></tr>
<tr><td>८</td><td>सामुदायिक युवा विकास तथा अनुसन्धान केन्द्र</td><td>योजना हरुको अनुगमन</td><td>२५००००।०</td></tr>
<tr><td>९</td><td>संसेरी धार्मिक युवा क्लब</td><td>विद्यालहरुका समस्या पहिचान गरी अनुसन्धान गर्न</td><td>२४९९००।०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२३,१२,९००।०</td></tr>
</table></td><td>२३,१२,९००।०</td></tr>
<tr><td>२१.</td><td>कार्यसम्पन्न प्रतिवेदन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । गाँउपालिका कार्यालयवाट ९ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु.५१,५०,०००।० को कार्यसम्पन्न गरी</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २२. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । उपरोक्त प्रावधान पालना हुनुपर्दछ । | |
| २३. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले त्यस्तो कोषको स्थापना गरेको छैन । कार्यविधि बनाइ दीर्घकालीन दायित्व कम गर्न कोषको स्थापना र संचालन हुनुपर्दछ । | |
| २४. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पुँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा यस गाँउपालिकाले दलित बस्ती मा आरन घर निर्माण गर्न रु.५००,०००।०, बोका वितरणमा रु २४०,०००।०, कुखुरा चल्ला वितरणमा रु.२८०,०००।०, रांगो खरिद तथा वितरणमा रु २५०,०००।० गरी जम्मा रु.१२,७०,०००।० वितरणमुखी कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । कुनै कार्यविधिको निर्माण नगरी गरिएको खर्च मनासिव देखिएन । | |
| २५. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस गाँउपालिकाले यो वर्ष वातावरण संरक्षण, गाँउ र नदी सफाइ कार्यक्रम नचलाएको कार्यालयले जानकारी गराएको भएतापनि वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| २६. | **सामाजिक सुरक्षा :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७४।७५, चं नं. १०६४ मिति २०७५।३।३१ पत्रानुसार सशर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत ३,०६,९२,०००।० निकासा भएकोमा रु. १२,७६,८००।० मिति २०७५।०३।३१ गते संघिय सञ्चित कोषमा दाखिला गरेको छ । | |
| २७. | **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.१,४४,०२५।४० असुल गरी संचितकोष दाखिला गर्नुपर्न रु. | १,४४,०२५।४० |

| सि. न. | भौ.न. र मिति | योजनाको नाम | ल. ई | सम्पन्न रकम | सम्झौता अनुसार गा. पा. ले व्यहोर्न पर्ने रु | गा. पा. ले व्यहोरेको रु | भुक्तानी दिनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९८-२०७५।१।५ | चनैराज मन्दिर निर्माण | ६२५००० | ६०६१२५ | ५००००० | ५००००० | ४८४९०० | १५१०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | २३१-२०७५।३।२१ | कठमडा ठाडाखेत खानेपानी | ५८६९२३ | ५७४५९२ | ४९०००० | ४९०००० | ४७९७०५ | १०२९४ |
| ३ | २७२-२०७५।३।२५ | पत्ताल भुमेश्वर बालविकास केन्द्र | ७००००० | ६६१९३८ | ५००००० | ४९३००० | ४७२८१२ | २०१८७ |
| ४ | २८०-२०७५।३।२५ | ज्यावला बृहत खानेपानी | ११२४९०९ | ११२४९१० | १०००००० | १०००००० | ८९९९२७ | १०००७२ |
| | | | | | | | जम्मा रु | १४४०२५ |

२८. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले साबिक गाँउ बिकास समितिमा कार्यरत स्थायी कर्मचारीहरुको तलव रु. २२,०७,७९०।० तथा स्वास्थ्य तर्फका २४ जना कर्मचारीको तलब रु ७१,६७,७०६।० समेत रु. ९३,७५,४९६।० खर्च गरेकोमा तलवी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिबेदन पारित गरेर मात्र खर्च लेख्नु पर्दछ ।

२९. **सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले भदौ १४ गते मात्र सार्वजनिक परिक्षण सम्पन्न गरेको छ । समयमा सार्वजनिक परीक्षण र सुनुवाइ गरी पारदर्शिता प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

३०. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम बीमा गरेको देखिदैन । निर्माण कार्यमा हुने जोखिम न्यूनिकरण गर्न सो व्यवस्थाको पालना गर्नुपर्दछ ।

३१. **सवारी साधन खरिद** : अर्थ मन्त्रालयको स्वीकृत नलिई गाँउसभाको निर्णय अनुसार रु.४,९९,६४८।००।० को दुई थान मोटरसाइकल सोभै खरिद भएको छ । आवश्यकताको मूल्यांकन गरेर खरिद गर्नुपर्ने तर्फ गाँउपालिकाले ध्यान दिनुपर्दछ ।

३२. **योजनाको छनौट :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा गाँउपालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागी आवधिक, बार्षीक, विषयक्षेत्रगत समयकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने, विभिन्न अन्तरसम्बन्धित विषयलाइ ध्यान दिइ योजना तर्जुमा गनुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, रोजगार बढ्ने, स्थानीयस्तरका जनताको सहभागिता जुट्ने, स्वंय परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाइ प्रत्यक्ष लाभ हुने योजना संचालन गनूपर्ने व्यवस्था छ । यस गाँउपालिकामा उर्पयुक्त बमोजिम हुने गरि योजना छनौट गरिएको छैन । उपर्युक्त बमोजिम योजना छनौट गर्नुपर्दछ

३३. **आन्तरिक आय :** यसमा देहायका व्याहोरा देखिएका छन् :

राजस्व परामर्श समितिको प्रस्ताव अनुसार भन्दै मिति २०७४।४।२६ को गाँउ सभाले देहाय अनुसार कर तथा सेवा शुल्क उठाउने निर्णय गरेको थियो । कार्यालयले आ. ब. २०७४।७५ मा रु ५०६७४५।० आम्दानी गरेकोमा मालपोतको अंश मात्रै रु ९९,२८७।० र दस्तुरबाट रु ३,२६,३००।० रहेको देखिदा गाँउ सभाको निर्णय अनुसारका कर तथा सेवा शुल्क कार्यान्वयन गर्न सकेको देखिएन । कार्यालयले नगदी रसिद नियन्त्रण खाता नराखेको कारण आम्दानी यकिन गर्न सकिएन । त्यस्तै मालपोत उठाउने रसिद पनि कति प्रयोग भए र कति बाँकी छन भन्ने अभिलेख कार्यालयसँग नहुदा मालपोतबाट हुनुपर्ने आय यथार्थ र सहि थियो भनी भन्न सकिएन । साबिक स्थानीय निकाय हुदादेखि नै मौज्दातमा रहेको नगदी रसिदहरुको प्रयोग हुन सक्ने र त्यस्ता रसिदहरुको अभिलेख तथा नियन्त्रणको व्यवस्था

नगरेकोले आन्तरिक आय यथार्थ र सहि थियो भनी भन्न सकिएन ।

| **समितिले तोकेको क्षेत्र** | **असुल भएको राजस्व शिर्षक** | **असुली रकम रु** |
|---|---|---|
| सम्पत्ति कर | | |
| घरबहाल कर | घर कर | ४७५० |
| घरजग्गा रजिष्ट्रेसन शुल्क | | |
| सवारी साधन कर | | |
| सेवा शुल्क दस्तुर | सेवा शुल्ल दस्तुर | ४९७०८ |
| दस्तुर | दस्तुर | ३५३००० |
| पर्यटन शुल्क | | |
| विज्ञापन कर | | |
| व्यावसाय कर | | |
| भुमिकर (मालपोत ) | मालपोत | ९९२८७ |
| दण्ड जरिवाना | | |
| मनोरञ्जन कर | | |
| मालपोत संकलन | | |
| बहाल विरौटि घर जग्गा कर | | |
| मुत वा मारिएको जिव जन्तुको हाड | | |
| प्राकृतिक स्रते साधन कर | | |
| शेयर लगानीबाट प्राप्त लाभाशं तथा | | |
| ऋण लगानीबाट प्राप्त व्याज आय | | |
| **जम्मा** | | **५०६७४५** |

यस प्रकार राजस्व परामर्श समितिले सिफारिस गरेको १८ प्रकारका कर मध्ये जम्मा चार प्रकारका राजस्व असुल गरेको छ । राजस्व लक्ष्य न्युन गरेको कारण राजस्व असुल भएपनि अपेक्षित रुपमा राजस्व परिचालन गरेको देखिदैन यस्तो अवस्थामा सुधार गरिनुपर्दछ ।

३४. **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । गाँउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण पेश नभएकोले व्यवसाय कर यकिन गर्न सकिएन । आर्थिक बर्ष २०७४।७५ मा ब्यावसाय कर रु.१०,०००।० संकलन गर्ने लक्ष्य रहेकोमा सो कर उठाएको छैन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

३५. **बजेट विनियोजन :** यस सम्बन्धमा देहाएको व्यहोरा निम्न बमोजिम छन् :

३५.१. मिति २०७४।०५।०४ गतेको गाँउसभाको वैठकले कुल रु.२४,६३,४६,०००।० को विनियोजन र खर्चको बजेट पारीत भएकोमा सशर्त अनुदान तर्फको बजेटमा परिवर्तन भएको कारण वर्षको अन्तमा कुल रु २५ करोड ३४ लाख ५० हजार कायम भएको छ । शुरु विनियोजनमा कृषि तथा पशुतर्फ रु १५ लाख खानेपानी तर्फ रु १ करोड ७५ लाख, दलित बस्तीहरुमा आरन घर निर्माण तर्फ ५ लाख, यातायात, सडक, कल्भर्ट तर्फ रु २,४४,०६,२८०।० सिंचाइ तर्फ रु २५ लाख, संस्कृति प्रवर्धन तर्फ रु ६० लाख, शिक्षा तर्फ रु ६०,००,०००।० लाख, लैंगिक समानता तथा सामाजिक बिकास तर्फ रु १५ लाख, विविध तर्फ रु ३६ लाख, सहकारी तर्फ रु ५ लाख, खेलकुद र मनोरञ्जन तर्फ रु ५ लाख भु–क्षय तथा नदि नियन्त्रण तर्फ रु ५ लाख गरी जम्मा रु.६,५०,०६,२८०।० चालु खर्च तर्फ रु ३,२८,२६,०००।० वडा कार्यालय संचालन तर्फ रु.१३,२०,०००।० पुजिगत खर्च तर्फ रु ५५

| | | |
|---|---|---|
| | लाख कार्यक्रम रु.७०,००,०००।० गरी जम्मा रु.२५,६३,४६,०००।० चालु तथा पुंजिगत खर्च तर्फ विनियोजन भएको छ । | |
| ३५.२. | कुल बजेटमा वित्तीय समानिकरण बाट मात्र हेर्दा सार्वजनिक निर्माण तर्फ जम्मा रु ६,५०,१४,०००।० अर्थात झण्डै ४१ प्रतिशत रहेको छ । सार्वजनिक निर्माण एवं पुजि निर्माण हुने प्रकृतिका कार्यक्रममा थप खर्च गनुपर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३५.३. | विनियोजन गर्दा गाँउ सभाले जम्मा १०० योजना छनौट गरेकोमा मिति २०७४।१२।०१ को कार्यपालिकाको बैठकले अगामी गाँउसभाबाट अनुमोदन हुने गरी ५०,००० देखी ८००,००० सम्मका लागत अनुमान भएका थप ६१ योजनाहरुको लागी बजेट शंशोधन भएको देखिन्छ । यसरी गाँउसभाबाट विनियोजन भएको बजेटलाइ कार्यपालिकाले शंशोधन गर्न नमिल्ने र गाँउसभाबाट मिति २०७४।०५।०४ को बैठकले रु.५ लाख भन्दा बढी रकमका योजना छनौट गनुपर्ने सर्व सम्मतिको निर्णय विपरित योजना छनौट गरी कार्यान्वयन गरेको मनासिव देखिएन । | |
| ३५.४. | यस गाँउपालिकाले उपरोक्त बाहेक पनि विभिन्न १६५ वटा योजनाहरु नेपाल सरकारका विभिन्न निकाय र बैतडी जिल्लाका विभिन्न निकायलाई कार्यक्रम संचालन गर्न अनुरोध गरी पत्र पठाएको भएपनि त्यस्ता कार्यालयबाट के कस्ता योजना संचालन भए भन्ने अभिलेख राखेको छैन । | |
| ३६. | **बजेट निर्माण :** स्थानिय सरकार संचालन ऐनको दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, दफा ६५ अनुसारको राजस्व परामर्श समिति, दफा ६७ अनुसारको बजेट तथा कार्यक्रम समिति बजेट निर्धारणमा स्थानिय तहमा क्रियाशिल भएको पाइन्छ । त्यस्ता समितिले बजेट तयार गर्दा उपलब्ध स्रातको अधिकतम उपयोग गर्ने गरी सवै स्रोतको गणना गरी बजेट सिमा निर्धारण गनुपर्नेमा उपलब्ध स्रोतमा गत बर्ष खर्च नभई बचत रहेको रकम मध्ये ३८,२९,३२९।१८ बचत हुने गरी सिमा तोकेको कारण बजेट निर्माण प्रकृया कमजोर रहेकोले उपलब्ध स्रोतको समेत हिसाब नगरी बजेट निर्माण गरेको मनासिब देखीएन । | |
| ३७. | **चौमासिक निकासा तथा खर्च :** वित्तीय समानिकरण अनुदानको आधार समेतबाट पुंजिगत खर्च निर्धारण गरिएकोमा गाँउपलीका पुंजिगत खर्च तर्फ यो बर्ष जम्मा रु ८,४८,५८,५७१।४४ खर्च भएकोमा तेस्रो चौमासिकमा रु ७,६९,११,७४९।४४ अर्थात कुल खर्चको ९०.६४ प्रतिशत र अषाढ महिनामा रु ३२८५३९७७। अर्थात कुल खर्चको ३८.७२ प्रतिशत खर्च भएको देखीन्छ । प्रथम चौमासिकमा कुनै खर्च नभएको र तोकिएको अनुसार प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन गरी दोस्रो र तेस्रो चौमासिकमा भुक्तानी दिने गरी कार्यतालीका तयार गरी खर्च गर्नुपर्नेमा अधिकांश उपभोक्ता समितिसंग दोस्रो चौमासिकको अन्ततिर सम्झौता गरेको र अषाढमा अधिकांश खर्च गर्दा पेश्की फछ्यौट समेत रु | |

५,५६,८०,३४७।० अर्थात कुल ६५.६२ प्रतिशत हिसाब फरफारक गरेको देखिन्छ । कार्यतालिका बनाई तोकिएको समयमा खर्च गर्नु पर्दछ ।

३८. **वडा कार्यालय संचालन खर्च :** मिति २०७४।०५।०४ गते बजेट विनियोजन गर्दा सवै ८ वडा कार्यालयमा कार्यालय संचालन, धारा विद्युत, मर्मत, घरभाडा, कर्मचारी कल्याणकोष, छात्रबृत्ति, आकस्मिक सहायता जस्ता शिर्षक राखी एकमुष्ट रु.१३ लाख २० हजार विनियोजन गरिएकोमा मिति २०७४।०७।३० को कार्यपालिकाले चालु खर्च वढाउने गरी गत वर्ष मौज्दात रहेको रकमबाट विनियोजन गरी प्रतिवडा रु.५००,०००।० का दरले ८ वडा को लागी ४०,००,०००।० विनियोजन गरेकोमा निम्नानुसार रु.४१७१०८५।० खर्च भएको मनासिव देखिएन । स्थानीय सरकार संचालन ऐन, २०७४ र मितव्ययिता सम्बन्धी ऐन, २०७५ बमोजिम चालु खर्च वढाउने दिर्घकालीन आर्थिक दायित्व थप हुने कार्यक्रम संचालन गर्न नहुनेमा गाँउसभा बाट बिनियोजन बजेट भन्दा झण्डै २५ प्रतिशत वढी दायित्व बृद्धि गरी निम्नानुसार चालु खर्च गरेको मनासिव देखिएन ।

| वडा नं. | विनियोजन रकम रु | खर्च रु |
|---|---|---|
| १ | ५३७५००।० | ५३२८०५।० |
| २ | ५३७५००।० | ४४००९०।० |
| ३ | ५३७५००।० | ५३७१९०।० |
| ४ | ५३७५००।० | ५३७५००।० |
| ५ | ५३७५००।० | ५३७५००।० |
| ६ | ५३७५००।० | ५११०००।० |
| ७ | ५३७५००।० | ५३७५००।० |
| ८ | ५३७५००।० | ५३७५००।० |
| **जम्मा** | | **४१७१०८५।०** |

३९. **शीर्षक नखुलाइ बजेट विनियोजन :** खर्च शीर्षक यकिन नगरी बजेट विनियोजन गर्नु बजेट सिद्धान्त विपरित देखिन्छ । त्यस्तो विनियोजनले वित्तीय जोखिम समेत बढाउछ । यस गाँउपालिकाले सम्पुरक बजेट भनि एकमुष्ट रु.२५ लाख विनियोजन गरेकोमा निम्नानुसार खर्च गरेको छ । यस सम्बन्धी केही उदाहरणहरु निम्नानुसार छन् । शीर्षक खुलाई बजेट विनियोजन गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

| भो.न. र मिति | योजना कार्यक्रमको नाम | भुक्तानी पाउने | भुक्तानी रु |
|---|---|---|---|
| ११, २०७४।१०।०२ | सतबांझ रौलेश्वर सडक खण्डमा कटिङ र फिलिङ | कालीका निर्माण सेवा, धनगढी | ४९२५०।० |
| १०, २०७४।१०।०२ | कुनेटा खा.पा. टंकी निर्माण | कुनेटा खा.पा. टंकी निर्माण उ.स. | १००,०००। |
| १२, २०७४।१०।०२ | भलिबल प्रतियोगिता संचालन | विभिन्न व्याक्ति र संस्था | ५०,०००।० |
| १३, २०७४।१०।२३ | निः शुल्क स्वास्थ्य शिविर संचालन | रौलेश्वर पुर्व विद्यार्थी समाज सुर्नया | २८३६०४।० |
| ५१, २०७४।१२।१२ | च्याउ उत्पादन गर्ने मेशिन ढुवानी | रण बहादुर विष्ट | ३८०००।० |
| १६३, २०७५।०२।२५ | रेडियो कार्यक्रम र सन्देश उत्पादन र प्रशारण | रेडियो निङ्लाशैनी , गुरुखोला, बैतडी | ४२५,०००। |
| १८४, २०७५।०३।७ | बुर्थली बाटो निर्माण तथा टेवा पर्खाल निर्माण | बुर्थली बाटो निर्माण तथा पर्खाल निर्माण | १६८०००।० |
| २०५, २०७५।३।१३ | पत्ताल भुमेश्वर सास्कृतिक मेला | सिद्धनाथ पत्तालभुमेश्वर धार्मिक समिति | २५०,०००। |
| २१६, २०७५।३।१७ | बांझ घट्ट झोलुगें पुल निर्माण | बांझ घट्ट झोलुगें पुल निर्माण उ.स. | ८८२५५।० |
| २१९, २०७५।३।१८ | सतबांझ श्रीभावर सडक मर्मत सम्भार | सुरज निर्माण सेवा सुर्नया–३ | ४९७३७४। |
| २३०, २०७५।३।२१ | सतबांझ रौलेश्वर श्रीभावर कृषि सडक निर्माण | सतबांझ रौलेश्वर श्रीभावर सडक नि.उ.स. | १२५०००।० |
| २२४, २०७५।३।१८ | सुचना प्रशारण | रेडियो निङ्लाशैनी गुरुखोला, बैतडी | १०,०००।० |

| | | |
|---|---|---|
| | **वित्तीय समानीकरण (पुंजीगत तर्फ)** | |
| ४०. | **१०–२०७४।१०।०२ :** गत बर्षको खर्च रकम यो वर्ष भुक्तानी दिनु परेमा भुक्तानी दिन बाँकीको कच्चाबारी गराइ राख्नु पर्दछ । जिल्ला विकास समितिले मिति २०७४।०२।२० मा कुनेटा खानेपानी टंकी (शंकरपुरमा) निर्माण कार्य बाफत उपभोक्ता समिति संग सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार रु ४ लाख जिल्ला विकास समितिले व्यहोर्ने उल्लेख छ । सो रकम बाहेकको रु ३४,५६३। उपभोक्ता समितिले व्यहोर्ने उल्लेख भएपनि सम्झौता मा जिल्ला समन्वय समितिको कार्यालयबाट व्यहोर्ने रकममा केरमेट समेत देखिन्छ । यसरी ३४,५६३।० मात्र उपभोक्ता समितिले व्यहोरेको अवस्थामा उक्त निर्माण कार्यको लागी उपभोक्ताको योगदान ६.४७ प्रतिशत मात्र देखिन्छ । कार्यसम्पन्न प्रतिवेदनमा रु.५,२५,०६४।४२ को कार्य सम्पन्न भएको उल्लेख छ । यस अनुसार साविक जिल्ला विकास समितिको कार्यालयको भौचर नं. नखुलाइ मिति २०७४।३।२८ बाट रु.४,००,००० भुक्तानी दिइएको प्रतिलिपि गोश्वरा भौचर संलग्न गरिएको छ । त्यस अनुसार जिल्ला समन्वय समितिको कार्यालय बैतडीको च.न. १७, मिति २०७४।४।१५ को पत्रमा यस कार्यालयबाट रु.४,००,००० विनियोजन भुक्तानी भएको र बाँकी रु १ लाख त्यस गाँउपालिकाबाट भुक्तानी दिन भनि उल्लेख भएको पत्र अनुसार रकम भुक्तानी भएको देखिन्छ । यसरी जिल्ला समन्वय समितिले योजना हस्तान्तरण नगरी बांकी रहेको भुक्तानी दिन सिफारिस गर्न मिल्ने आधार देखीदैन । साथै कार्यालयले सम्पुरक कोष भनि रकम अवण्डा राखी अवण्डा शिर्षकबाट हस्तान्तरण नभएको र २०७३।७४ को योजनाको लागी भुक्तानी दिएको रकम नियमित हुनुपर्ने रु. | १,००,०००।० |
| ४१. | **११–२०७४।१०।०२ :** सतबांझ श्रीभावर सडक खण्डको निर्माण एवं मर्मत सम्भारको कार्य डिभिजन सडक कार्यालयबाट हुदै आएको छ । यसरी अन्य कार्यालयले काम गरिरहेको स्थानमा असम्बन्धित कार्यालयले विनियोजन र खर्च गर्न मिल्दैन । यसरी खर्च गर्नुपरे आवश्यक र औपचारीक समन्वयबाट माग गर्नुपर्नेमा संतबांझ श्रीभावर सडक खण्डमा स्काभेटर मेशिन प्रयोग गरि माटो कटिङ, माटो फिलिङ र ग्राभेल कार्य बापत कालीका निर्माण सेवा धनगढी कैलाली लाइ रु.५०,०००।० भुक्तानी गरेको छ । उक्त खण्डको कुन चेनेजमा त्यस्तो कार्य गरेको हो र कति परिमाणमा कार्य भएको हो सो नखुलेको र प्राविधिक पुस्ट्याइ नभएको अवस्थामा ५ घण्टा स्काभेटरको प्रयोग भएको भनि प्रतिघण्टा मू.अ.कर समेत रु.१०,००० का दरले रु.५०,००० भुक्तानी भएको छ । सो भुक्तानी दर विश्लेषण वेगर भएकोले सो समेत प्रमाण पेश गर्नुपर्ने रु. | ५०,०००।० |
| ४२. | **१३–२०७४।१०।२३ :** रौलेश्वर पुर्व विद्यार्थी समाज रामकिबरायल बैतडीलाइ मिति २०७४।१०।२२ र २३ गते निः शुल्क स्वास्थ्य शिविर संचालन बापत भुक्तानी गरिएकोमा सम्बन्धीत संस्थाले प्रस्ताव गरेको कागजात पेश नभएको, मिति २०७४।१०।२० को सम्झौताअनुसार सुर्नया गाँउपालिकाले रु ३ लाख, रौलेश्वर पुर्व विद्यार्थी समाजले रु ३ लाख र शुक्रपथ फाउन्डेसन ले रु ३ लाख ५० हजार ५ सय लागत व्यहोर्ने गरी कुल लागत रु ९,५०,५००। देखिन्छ । यस अनुसार यस गाँउपालिकाले ३१.५६ प्रतिशत मात्र लागत व्यहोर्नुपर्ने देखिन्छ । संलग्न विल भर्पाइ बमोजिम रु.३,००,६५७।३० खर्च देखिएको छ । उक्त पुर्व विद्यार्थी समाजबाट प्रस्ताव पेश नभएको एवं स्वतन्त्र प्रस्ताव पेश गरी प्रतिस्पर्धाबाट | |

| | | |
|---|---|---|
| | कार्य नगराएको अवस्था समेत देखिन्छ । माथि उल्लेखित खर्चमा रु.१,३८,०००। गाडी भाडामा रहेको, औषधी खरिद रु.१,४६,८०३।३० समेत देखिएतापनि औषधी वितरण गरेको विवरण पेश नभएको, के–कस्ता विशेषज्ञ डाक्टरबाट निःशुल्क स्वास्थ्य शिविर संचालन भएको हो सो समेत नखुलेकोले माथि उल्लेखित लागत सहभागिता दरलाइ आधार मान्दा यस गाँउपालिकाले रु.९४,८८७।३५ मात्र व्यहोर्नुपर्नेमा रु ३००,०००।० भुक्तानी दिएकोले आधार प्रमाण पेश नभएमा असुल गर्नुपर्ने रु. | २,०५,११२।६५ |
| ४३. | **विज्ञापन सम्झौता** : भौचर १६३, २०७५।२।२५ बाट रेडियो निंगलाशैनीसँग रु.५,००,०००।० मा सुचनामुलक सामग्री प्रशारण गर्ने सम्झौता भएकोमा सम्झौतामा २०७४।१२।२ देखि २०७५ आषाढ मसान्तसम्म सो प्रशारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सो प्रशारण गरे नगरेको कुनै अभिलेख राखेको पाइएन । रेडियो निंगलाशैनीले पेश गरेको ब्रोडकास्टिङ्ग सर्टिफिकेट (Broadcasting certificate) मा २०७५।१२।२ देखि २०७५।२।३१ सम्म मात्र प्रशारण भएको प्रमाण पेश गरी भुक्तानी लिएको छ । २०७५ आषाढ १ देखी ३२ गते सम्म एक महिनाको प्रशारण नगरेको अवधिको बढी भुक्तानी भएको रु.१,२५,०००।० असुल गर्नुपर्ने रु. | १,२५,०००।० |
| ४४. | **२३४–२०७५।०३।२१ :** जिल्ला समन्वय समितिको च.नं. ६२९ मिति २०७५।०१।२८ को पत्र र उपभोत्ता समितिको पत्र बमोजिम भुक्तानी भएको छ । जिल्ला समन्वय समितिले २०७०।०७१ मा सडक वोर्डको कार्यक्रम बाट सडक निर्माण गरेकोमा सम्झौता बामोजिम रु ४५०,०००।० दिनुपर्नेमा ३२५,०००।० मात्र दिएको र बांकी रकम भुक्तानीदिन बाकी रहेको उल्लेख गरेको छ । जसअनुसार भौ.नं. ७–२०७१।०८।१४ मा रु ३२५०००।० पे.फ. समेत फरफारक गरेको छ । बाशुलिंग बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि.को च.न. नखुलेको मिति २०७५।०१।०५ को पत्रअनुसार उक्त उपभोक्ता समितिले सडक निर्माण कार्यक्रममा खर्च गर्न २ लाख ऋण लिएको र हालसम्म रु ११२५००। तिर्न बांकी व्याज भएको उल्लेखित छ । त्यसै गरी संतबाझ रौलेश्वर श्रीभावर कृषि सडक निर्माण उपभोक्ता समितिको मिति २०७५।०२।०१ को पत्रमा रु १,२५,०००। ऋण लिएको र सो को व्याज तिर्न सहयोग स्वरुप रु ७०,००० ऋण रु १२५०००। समेत १९५,०००। निकासा गराइदिन हुन भनि माग गरेको छ । त्यसै अनुसार रु १२५,०००।० सम्पुरक रकमबाट भुक्तानी भएको छ । योजना निर्माण गर्दा बजेट र अख्तियारी हेरी आवश्यक उपभोक्ता परिचालन गरी समयमा सम्पन्न गर्नुपर्नेमा सो नगरी उपभोक्ता समितिलाई तत्कालीन जिल्ला विकास समितिले दिनुपर्ने रकम झण्डै ५ बर्षपछि यस गाँउपालिकाले भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु. | १,२५,०००।० |
| ४५. | **सोझै खरिदको विवरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ । यस गाँउपालिकाले यो वर्ष निम्नानुसार सोझै खरिद गरी भुक्तानी गरेको नियमित देखिएन । | |

| भो.न. र मिति | आपुर्ति भएको समान वा सेवाको विवरण | भुक्तानी पाउनेको नाम र ठेगना | भुक्तानी रकम |
|---|---|---|---|
| ५–२०७४।०९।२४ | मेशीनरी औजार तथा उपकरण | विराट इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | ४९९,९९७।०० |
| ६–२०७४।०९।२४ | फर्निचर | सिर्जना फर्निचर तुफानडाडा, डडेल्धुरा | ४९९,९९७।०० |
| ७–२०७४।०९।२८ | खर्च लेखा सम्वन्धी सफ्टवेयर | संग्रीला माइक्रोसिस्टम प्रा.लि. | ३९९,७९४।०० |

| | | | | |
|---|---|---|---|---|
| | ८–२०७४।०९।२८ | कर्मचारी सुचना प्रणाली | इको प्लस प्रा.लि. | ४९८,३३०।०० |
| | ९–२०७४।०९।२८ | जिन्सी सम्बन्धी सफ्टवेयर | प्रोटोकल इन्टरनेशनल सोल्युसन | १९९,८९७०० |
| | | | | २०,९८,०१५।० |

| | | |
|---|---|---|
| ४६. | **१६–२०७४।११।१४ :** पुँजीगत शीर्षकबाट कृषि औजार, पोलीहाउस र विउविजन खरिद अर्न्तगत वडा नं ५ का कृषकहरुलाई १ थान हाते ट्याक्टर मुल्य रु १००,०००। पोलीहाउस २० थानको मुल्य रु.१,८०,०००, स्पेयर एक थान रु.१४००० र अन्य विभिन्न तरकारी विउहरु जम्मा रु.१,३१,००० समेत रु.४,२५,००० को कृषि सामाग्री वडा नं. ५ का कृषकहरुलाइ वितरण गरेवापत खर्च लेखेको छ । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् : | |
| ४६.१. | यस्तो सामाग्री वितरण गर्ने कार्यक्रम बहुक्षेत्रिय पोषण तथा जिल्ला कृषि विकास कार्यालयले समेत गर्न सक्ने हुँदा दोहोरो परे नपरेको सम्बन्धमा यस गाँउपालिकाले औपचारीक रुपमा समन्वय गरेको पाइएन । तसर्थ दोहोरो परे नपरेको यकिन गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ । | |
| ४६.२. | रु १००,००० को हाते ट्याक्टर नवयुग विउ उत्पादन कृषक समुहका अध्यक्ष श्री प्रकाश विष्टले, रु १४००० को स्पेयर कारीकोट तडिक बाली उत्पादन कृषक समुहले र २० थान पोलीहाउस विभिन्न व्यक्तिले बुझेको भर्पाइ रहेको छ । हाते ट्याक्टरको स्पेशिफिकेसन स्विकृत नभएको र कति अवधिको वारेन्टी भएको नखुलेको , त्यसको प्रयोग समुहका सवै सदस्यहरुले समान रुपमा उपयोग गर्न पाउने /नपाउने उल्लेख गरेको सम्झौता वेगर र सम्बन्धीत संस्थाको औपचारीक अनुरोध गरेको आधार वेगर वितरण गरेको देखिदा हाते ट्याक्टर, स्पेयर र पोलीहाउस वितरण प्रणाली अस्पष्ट देखिन्छ । अतः उपयुक्त बमोजिम प्रमाण पेश हनुपर्ने रु | १,१४,०००।० |
| ४६.३. | विउ विजनको प्याकेट वितरण गरेको भर्पाइ पेश भएकोमा रु.७९२० रुपैयाको भर्पाइ विल भर्पाइ साथ संलग्न नगरेकोले सो रकमको प्रमाण पेश गर्नुपर्ने रु. | ७,९२०।० |
| ४७. | **५७–२०७४।१२।१४,** जित्कीजवाड धुलिधार हेल्थपोष्ट ग्रामिण सडक निर्माण कार्य : यस सम्बन्धमा निम्न व्यहोरा छन् : | |
| ४७.१. | योजना सम्झौता फारामको योजनाको लागत सम्बन्धी विवरण अर्न्तगत ८ नम्बर मा मेशिनबाट निर्माण कार्य गर्ने उल्लेख छ । मिति २०७४।०९।१२ मा उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर विष्ट संग भएको सम्झौता अनुसार उपभोक्ता समितिलाइ पहिलो किस्तामा रु ८२५,०००।, दोस्रो किस्तामा रु ५००,००० र तेस्रो किस्तामा रु ११,७५,०००।० गरी जम्मा २५ लाख भुक्तानी दिने तरिका उल्लेख गरिएकोमा कार्यालयले उपरोक्त बमोजिम मेशिनको प्रयोग गरी लक्ष्मी निर्माण सेवा लाइ मिति २०७४।०९।२५ देखी २०७४।११।०५ सम्म २१५ घण्टा हेभी इक्युपमेन्ट प्रयोग गरे बापत भनि प्रति घण्टा ३५०० ले रु ७५२५००। उपभोक्ताले निर्माण कम्पनीसँग सम्झौता गरी भुक्तानी दिएको छ । यसरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ विपरित निर्माण व्यवसायी संग सम्झौता गरी भुत्तानी गरेको मनासिब देखिएन । | |
| ४७.२. | ८० प्रतिशत मेशिन र २० प्रतिशत मानिसले खनेको दर विश्लेषण र सम्पन्न देखीएतापनि सो नर्म्स स्वीकृत भएको प्रमाण लेखापरीक्षणमा पेश भएन । यो निर्माण कार्यमा रु २४,३१,८२८।७७ रकमको सबै किसिमको ढुंगा माटो ४२९३ घ.मि. उपभोक्ता समितिले | |

| | | |
|---|---|---|
| | खनेको विवरण रहेता पनि कुन चेनेज देखी कुन चेनेज सम्म मेशिनले र कुन चेनेज देखी कुन चेनेज सम्म मानिसले नै खनेको हो पुष्टि गर्ने आधार प्रमाण संलग्न छैन । यस्तो अवस्थामा सुधार गरी निर्माणको लागत यर्थाथपरक हुने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४८. | **६०–२०७५।१२।१५,** मोतिनगर मोरभट्यौना हेल्थपोष्ट ग्रामिण सडक निर्माण कार्य : सडक चौडा गर्ने कार्यको लागी उपभोत्ता संग मिति २०७४।९।१२ मा गाँउपालिकाले रु ३५,००,००० लाख र उपभोक्ता ले रु ८,७५,००० व्यहोर्ने गरी जम्मा रु ४३,७५,००० मा सम्झौता भएको छ । क्रस सेक्सन नखुलेको, डिपिआर नभएको, साविकमा कुन निकायबाट त्यस्तो सडक तयार भएको हो सो नखुलाइ निर्माण कार्य अगाडी बढाएको, सम्बन्धीत निकाय संग औपचारीक समन्वय समेत नगरी यो बर्ष भुक्तानी दिएको, साविकको कार्यालयबाट के–कति निर्माण भएको हो र यो बर्ष कुन कुन चेनेजमा कति भुक्तानी भएको हो खुलाइ प्रमाण पेश गर्नुपर्ने रु. | ५,००,०००।० |
| ४९. | **ट्रान्सफर्मर खरिद : ९४–२०७५।०१।०४** वडा नं. ८ मा गाँउपालिकाको बजेटबाट २५ किलो भोल्टको मुल्य रु ३४९९९९।४२ र ढुवानी खर्च बापत १४८००० समेत भुक्तानी भएको छ । खरिदको खर्च नेपाल ट्रान्सफर्मर एण्ड एप्लाइड इन्जिनियर प्रा.लि. लाई रु ३४९९९९।४२ र ५०,००० ढुवानी बाफत भुक्तानी गरिएको छ । त्यस पछि ९० जनाले ३ दिनका दरले ढुवानी गरेको भनि भर्पाइ समेत पेश भएको छ । कति परीमाणको समान त्यसरी ढुवानी गरिएको र के प्रयोजनमा कुन संस्था संगको सम्झौता बमोजिम गाँउपालिकाले ट्रान्सफर्मर खरिद गरेको हो नखुलाइ, ढुवानको स्थान र जिल्ला दररेटको प्रयोग नगरी भुक्तानी दिएकोले उक्त खर्च मनासिब देखिएन । | |
| ५०. | **वित्तीय समानिकरण अर्न्तगत प्राप्त रकम पुजिगत खर्चमा विनियोजन गरी सहकारीको भवन निर्माण :** २६६–२०७५।०३।२४ शिवशक्ति कृषि सहकारी संस्थाले आफ्नो तोकिएको क्षेत्रमा बचत संकलन गर्ने र बचत कर्तालाइ ऋण समेत प्रवाह गर्छ । यसरी यो संस्था बचत तथा ऋण सहकारी संस्था रहेको देखीन्छ र बचत तथा ऋण सहकारी संस्था सहकारी ऐन अनुसार परिचालीत हुन्छन । यस्तो अवस्थामा त्यस्ता संस्थाले आम्दानी र खर्च गर्न स्वंय सक्षम समेत हुन्छन । त्यस्तै अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ अनुसार योजना छनौट गर्न समेत मिल्ने देखीदैन । तर शिवशक्ति कृषि सहकारी संस्था को भवन निर्माण बाफत भनि यो बर्ष रु १०,००,०००।० भुक्तानी गरेको छ । यसरी गरिवि घटाउने, रोजगारी बृद्धि गर्ने, आय आर्जन बृद्धि गर्ने खालको योजनामा खर्च गर्नुपर्नेमा ऋण तथा बचत परिचालन गरि नाफा कमाउने उद्देश्यमा रहेको संस्थाको भवन निर्माण गर्न विनियोजन र खर्च गरेको नियमित नदेखिएको रु. | १०,००,०००।० |
| ५१. | **२६८–२०७५।०३।२४, हटैराज मन्दिर देखी कंडेली सम्म जाने सडक निर्माण :** चेनेज ०+००० देखी १+५६० सम्म सडक निर्माण कार्यबापत यो बर्ष उपभोक्ता समितिलाई यस गाँउपालिकाबाट ९००,००० भुक्तानी दिएको छ । शुरु लागत अनुमानमा नरम माटो ७५९ घ.मि र ढुङगा मिसिएको माटो ६४६.२० घ.मि को ढुगां माटो काटि नया ट्रेक खोल्न लागत अनुमान रु ५७२३८९।२३ भएकोमा कार्यपालिकाको २०७४।१२।०१ को बैठकले शुरु विनियोजन रु ४००,००० थप गरेको देखिन्छ । सम्झौतामा मिति नखुलेको, गाँउपालिकाबाट शुरु विनियोजन हुँदा रु ५ लाख व्यहोर्ने सम्झौता अनुसार मिति २०७४।११।२९ देखि कार्य शुरु गरिएकोमा मिति उल्लेख नगरी पुन अर्को सम्झौता गरी २०७५।०२।२५ देखि कार्य गर्ने उल्लेख गरिएको छ । बजेट थप गर्नुपर्नाको कारण | |

<table>
<tr><td></td><td>कार्यपालिकाको निर्णयमा उल्लेख छैन । दोस्रो सम्झौतामा उल्लेख भए अनुसार चेनेज ०+००० देखी ०+२२० सम्मको कार्य दोहोरो पर्ने गरी चेनेज नखुलाइ नरम माटो १०२० घ.मि, कडा माटो ८९२.५ घ.मि, नरम चट्टान २५५ घ.मि, कडा चट्टान २५५ घ.मि, मध्यम चट्टान १२७.५ घ.मि. कटान गर्ने कार्य बापत रु ५०७२८९।४० लागत अनुमान गरी कुल रु ११२५३१०।० को कार्यसम्पन्न देखाएको छ । यसरी चेनेज उल्लेख नगरी साविकमा सम्झौता गरेको, क्रस सेक्सन नखुलाएको अवस्थामा २२० मिटर सम्मको कटिङ दोहोरो पर्ने देखिएको छ । यस सम्बन्धमा छानबिन गरी यकिन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>१७०–२०७५।३।३ काठको प्रयोग : घट्टेपत्थर प्रा.वि. भवन निर्माणको लागी उपभोक्ता समितिसँग रु.१२,३६,२४७।१४ मा गाँउपालिकाले रु.१०,००,०००।० व्यहोर्न गरी सम्झौता भएको पाइयो । निर्माण कार्यको नापी गर्दा निम्नानुसारको काठको कार्यमा फ्रेममा सालको काठ तथा प्यानलमा स्थानीय काठको प्रयोग भएको उल्लेख भएतापनि उपभोक्ता समितिको काजगातमा काठको नाम नखुलाइ एक प्रकारको काठ ५० इकाई रु.६००।० को दरले हुने रु.३०,०००।० मात्र खरिद गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>निर्माण कार्य विवरण</th><th>घन मि</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>sal wood for frame (door and window)</td><td>०.३३</td><td>६३,३४९.१८</td><td>२१,१९०.३०</td></tr>
<tr><td>२</td><td>local wood for door and window panel</td><td>४.२०</td><td>५२७०.०२</td><td>२२,१३४.०९</td></tr>
<tr><td colspan="4" align="right">जम्मा</td><td>४३,३२४.३९</td></tr>
</table>
यसरी फरक काठको प्रयोग गरेको आधार नभेटिए तापनि फरक काठको मूल्याङ्कन भएको रु.२१,१९०।३० तोकिए बमोजिमको काठ प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२१,१९०।३०</td></tr>
<tr><td>५३.</td><td>१७१–२०७५।३।३, महिला शशक्तिकरण तथा उद्यमसिलता कार्यक्रममा रु.१०,००,०००।० खर्च भएकोमा देखिएका व्यवहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>५३.१.</td><td>कार्यक्रममा बैठक भत्ता वापत रकम नछुट्याइएको भएतापनि १३ जनाले विभिन्न मितिमा बैठक वापत रु.६०००।० को दरले रु.७८,०००।० भुक्तानी भएको पाइयो । यसरी पुँजीगत शीर्षकमा विनियोजन नभएको अवस्थामा प्रशासनिक खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>७८,०००।०</td></tr>
<tr><td>५३.२.</td><td>स्वीकृत कार्यक्रममा ८ वडामा विभिन्न कार्यक्रम सञ्चालन हुने उल्लेख भएकोमा कार्यक्रम सञ्चालन गर्दा एकमुष्ट रुपमा विभिन्न कार्यक्रम सम्पन्न गरेको पाइयो । शंशोधित कार्यक्रम स्वीकृत समेत भएको पाइएन । उदाहरणार्थ सासु बुहारी अन्तरक्रिया कार्यक्रम अन्तर्गत ८ वटा वडामा ३० जनाको दरले १ दिने कार्यक्रम स्वीकृत भएकोमा ३ पटक विभिन्न वडाको एकसाथ समावेश हुने गरी ३ दिने कार्यक्रम गरी सम्पन्न गरेको पाइयो । उक्त कार्यक्रमको लागी आवत जावत वापत रकम उल्लेख नभएतापनि सहभागीलाई ३ दिनको रु.३०० दरले ६४ जनालाई रु.५७,६००।० भुक्तानी भएको नियमित नदेखिएको रु.</td><td>५७,६००।०</td></tr>
<tr><td>५३.३.</td><td>सहजकर्ता भत्ता वापत रु.१०००।० विनियोजन गरिएकोमा विभिन्न ६ व्यक्तिले ३८ सेसन को रु.१५०० भुक्तानी लिएको पाइयो । यसरी रु.५००।० को दरले बढी भुक्तानी भएको रु.१९,०००।० को कर कट्टी मिलान पश्चात् हुन आउने रु. १०,४५०।० असुल गर्नुपर्ने रु.</td><td>१०,४५०।०</td></tr>
<tr><td>५४.</td><td>१८५– २०७५।३।७ बीउ वितरण : कमलेश्वर महिला कृषि सहकारी संस्थाले क्षमता अभिवृद्धि तथा व्यवसायिक अदुवा खेति कार्यक्रम मार्फत ७५ जनालाई २,५०० के.जि. रु.२,८०,०००।० को अदुवा बिउ वितरण गरेकोमा भपाईमा अधिकांशमा वितरण गरेको बिउको परिमाण केरमेट गरेको तथा सो बीउहरु लक्ष्मी एग्रोभेटको बील नं.९५३ बाट खरिद गरेकोमा बीलमा समेत केरमेट भएकोले खरिद तथा वितरण सम्बन्धमा आश्वस्त हुन नसकिएको हुंदा खरिद एवं वितरण गरेको आधार प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२,८०,०००।०</td></tr>
</table>

<table>
<tr><td>५५.</td><td>२४०– २०७५।३।२१ नापी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराउने व्यवस्था छ । भुवनेश्वरी मा.वि फिल्ड निर्माणको नापी गराउँदा नापी किताबमा माटो खन्ने कार्यको रु.२,३४,१४५।७८ मूल्याङ्कन भएकोमा नापी स्पष्ट उल्लेख नभएकोले सो कार्य वापतको परिमाण यकिन गर्न सकिएन । परिमाणहरु स्पष्टसँग उल्लेख भएको नापी पेश गर्नुपर्ने रु.</td><td>२,३४,१४५।७८</td></tr>
<tr><td>५६.</td><td>२४४, २०७५।३।२२ दररेट निर्धारण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) उपभोक्ता समितिसँग सम्झौता गर्दा निर्माण कार्यको परिमाण, लागत अनुमान समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । श्री शंकर संस्कृत माध्यमिक विद्यालयसँग रु.६,२४,४६९।८ मा सम्झौता भएकोमा बेञ्च निर्माण कार्यको ७.४४ घन मि. को प्रति घन मि. रु.५४,८३५।६१ ले दरले रु.४,०७,७५७।५९ लागत अनुमान तथा मूल्याङ्कन गरेको छ । दररेट विश्लेषण वेगर लागत अनुमान र सम्पन्न देखाई खर्च गरेकोले आधार प्रमाण पेश पेश गर्नुपर्ने रु.</td><td>४,०७,७५७।५९</td></tr>
<tr><td>५७.</td><td>उपभोक्ता समिति संग सम्झौता गरी निर्माण कार्य गरिएकोमा उपभोक्ता समितिले पेश गरेका विल अनुसार अधिकांश उपभोक्ता समितिले निर्माण व्यावसायी बाट निर्माण कार्य गराएको पाइयो । यस सम्बन्धी उदाहरण देहाय बमोजिम छन् :
<table>
<tr><th>गो.भ. र मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>निर्माण व्यवसायी</th><th>निर्माण व्यवसायीको विल अनुसारको रकम</th></tr>
<tr><td>२६९–२०७५।०३।२४</td><td>धर्मघर मगराउ ग्रामिण सडक निर्माण</td><td>कमला निर्माण सेवा</td><td>१,७१,५००।</td></tr>
<tr><td>२७६–२०७५।०३।२५</td><td>सिन्केलेक वडा कार्यालय सडक निर्माण</td><td>कमला निर्माण सेवा</td><td>५१९७५।</td></tr>
<tr><td>२५९–२०७५।०३।२३</td><td>पङ्वा कडेली थलारा सडक निर्माण</td><td>कमला निर्माण सेवा</td><td>१३७७२०।</td></tr>
</table>
यसरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ विपरितको कार्य अविलम्ब नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>सार्वजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम निर्धारित समयभन्दा ढिलो काम भएको खण्डमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. २८४ मिति २०७५।३।२५ बाट डिबखाली तडिक सिचाई निर्माण योजनालाई रु.८,००,०००।० भुक्तानी गरेको छ । उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१०,००,२६४।३८ काम भएको भएतापनि उपभोक्ता समितिले निर्धारित समय मिति २०७५।१।२५ भन्दा दुइ महिना ढिलो अर्थात मिति २०७५।३।२५ मा काम सम्पन्न भएको देखिन्छ । सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले ६० दिनको रु ३०,०००।० पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुनपर्ने भए प्रमाण पेश गर्ने अन्यथा उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्दछ । उक्त रकम नमूना छनौट गरेको योजनाको मात्र भएको कारण कार्यालयले अन्य उपभोक्ता समितिले सम्झौता मितिभन्दा ढिलो काम गरे नगरेको यकिन गर्ने र ढिलो काम गर्नेलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५९.</td><td>अचार उधोग : कार्यालयले गो.भौ.नं. २८६ मिति ०७५।३।२७ बाट गाँउपालिकाका उपाध्यक्ष सँग नाम मिल्ने व्यक्ति श्री लिलाकुमारी बिष्ट प्रोपाइटर रहेको करिश्मा फलफूल प्रशोधन तथा अचार उधोगलाई विभिन्न समानहरु खरिद गरेको बिल संलग्न गरेको आधारमा रु ३,५०,०००।० भुक्तानी गरेको पाइयो । कार्यालयले यस सम्बन्धमा निज प्रोपाइटर लिला कुमारी बिष्ट गाँउपालिकाको उपाध्यक्ष भए नभएको यकिन गर्ने र उपाध्यक्ष नै उक्त उधोगको मालिक भएको अवस्थामा बजेट बिनियोजन गरी खर्च गर्न मिल्ने देखिदैन । तसर्थ उक्त खर्च रकम नियमित नदेखिएको रु.</td><td>३,५०,०००।०</td></tr>
<tr><td>६०.</td><td>उपभोक्ता समिति पेश्की : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा खरिद सम्झौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्नेछ । कार्यालयले यस नियम विपरित</td><td></td></tr>
</table>

एक तिहाई भन्दा बढी रकम पेश्की दिने गरेको पाइयो । उदाहरणार्थ निम्नानुसार प्रस्तुत गरिएको छ ।

| सि.नं. | भौ.नं., मिति | उपभोक्ता समिति | सम्झौता रकम | एक तिहाई | पेश्की रकम | बढी पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ११३, २०७५।१।११ | खल्लेक देखि सल्भे निर्माण | १२३३४०९.४० | ४११९३६.४७ | ५०००००.०० | ८८८६३.५३ |
| २ | ११४, २०७५।१।११ | कल्भर्ट निर्माण | १२५००००.०० | ४१६६६६.६७ | ५०००००.०० | ८३३३३.३३ |
| ३ | १२२, २०७५।१।१३ | केदार खोलामा धुनिघर निर्माण | ६०९८३५.९९ | २०३२७८.६६ | ३५००००.०० | १४६७२१.३४ |
| ४ | १७७, २०७५।३।५ | सत्बाँझ धौराह खानेपानी | ९७९४९७.५२ | ३२६४९९.१७ | ४०००००.०० | ७३५००.८३ |
| ५ | २४१, २०७५।३।२२ | ठुलाखोला तडीक खानेपानी | ६६४०३४.०३ | २२१३४४.६८ | २५००००.०० | २८६५५.३२ |
| | | | | | जम्मा | **४२१०७४.४** |

अत : नियममा भएको व्यवस्था अनुरुप मात्र पेश्की दिनुपर्दछ ।

६१. **प्रतिशतमा नापी** : कार्यालयले लागत अनुमान तयार गर्दा तथा नापी किताब तयार गर्दा साधारण चट्टान, मध्यम चट्टान र कडा चट्टान (ordinary rock, medium rock and hard rock) लाई प्रतिशत (percentage) मा देखाई भुक्तानी गरेको पाइयो । वास्तविक चट्टानको detail measurement गरी यस प्रकारको खर्च लेख्नु पर्नेमा सो गरेको पाइएन । यसका केही उदाहरण निम्नानुसार छन् । चट्टानको परिमाण यकिन गरी वास्तविक आधारमा मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

| सि. नं. | भौ.नं., मिति | उपभोक्ता समितितथा कार्य चेनेज | कुल मूल्याङ्कन रकम | गाँउपालिका योग्दान | नरम चट्टान (घन मि.) | मध्यम चट्टान (घन मि.) | कडा चट्टान (घन मि.) | चट्टानको मूल्याङ्कन रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४३, २०७५।१।११ | सिउडे कुरकुट्टै कृषि सडक ( ०+२३० देखि ०+९४५) | ६९०६२२ | ५००००० | १०३९ | ४२ | ० | ४६७३३४ | विभिन्न चेनेजमा नरम चट्टान ५ देखि ९० प्रतिशत, मध्यम चट्टान ० देखि १० प्रतिशतसम्म |
| २ | १४७, २०७५।२।२२ | दोरा बज्रपानी गोरेटो बाटो ( ०+००० देखि ५+५५०) | ६२८२०४ | ५००००० | १७४ | ५८ | ० | ३२०५१२ | कुल परिमाण ११६५ घन मि. मा एकमुष्ट नरम चट्टान १५ प्रतिशत, मध्यम चट्टान ५ प्रतिशत |
| ३ | १६५, २०७५।२।२७ | मोतिनगर झाडबो ग्रामिण सडक (०+ ००० देखि ५+५५०) | १८८११४४ | १५००००० | ९९८ | २७७ | ३६८ | ११६४१३१ | विभिन्न चेनेजमा नरम चट्टान ० देखि २५ प्रतिशत, मध्यम तथा कडा चट्टान ० देखि १० प्रतिशतसम्म |

६२. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयमा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । निम्न सामग्रीहरु मुल जिन्सी किताबमा कैफियत सहित आम्दानी जनाएकोले नियमानुसार तोकिएको व्यहोरा खुलाई आम्दानी बाँध्नुपर्दछ ।

| सि.नं. | भौ.नं., मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १५०, २०७५।२।२२ | डेल ल्याप्टप | ७२००१.३४ | शिक्षा शाखालाई हस्तान्तरण भएकोले खर्च देखाएको |
| २ | १९४, २०७५।३।११ | सोलार सेट | ३३२७८७.० | प्यानल, ब्याट्री, आदि सामानलाई एकमुष्ट सोलार सेट मात्र देखाइ आम्दानी बाँधेको साथै मूल्य समेत उल्लेख नगरेको |
| | | | **४०४७८८.३४** | |

६३. **टुक्रा खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले पाइप सामग्री खरिद तथा ढुवानी गर्दा भने प्रतिस्पर्धात्मक विधि नअपनाइ वडामा पाइप खरिद समिति बनाई टुक्राएर दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ । यसरी प्रतिस्पर्धा वेगर पटक पटक खरिद गरी भुक्तानी खर्च लेखेको नियमित नदेखिएको रु. २८,००,०००।०

६४. **खरिद भन्दा बढी नापी** : भौचर नं २४१–२०७५।३।२ बाट ठुलाखोला तडीक खानेपानी योजनामा वितरण लाइन तर्फ (Distribution line) १३८५ मिटरको पाइपलाइन खरिद भएकोमा नापी किताबमा १९६५ मिटरको खन्ने तथा पुर्ने कार्य देखाएकोले बढी देखिएको ५८० मिटरको बढी भुक्तानी भएको रु.८६,२९५।३१ मध्ये गाँउपालिकाको योगदान वापतको रकम रु.६४६९०।३० असुल गर्नुपर्ने रु. ६४,६९०।३०

६५. शिवराम मन्दिर निर्माण उपभोक्ता समितिबाट भएको निर्माण कार्य सम्बन्धी भौचर नं २४९–२०७५।३।२२ बाट भएको भुक्तानीमा देखिएका व्यहोरा निम्नानुसार छन् :

६५.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समिति सँग सम्झौता गर्नुपर्ने र सो सम्झौतामा निर्माण कार्यको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यर्होने वा व्यहोर्नु पर्ने रकम, कार्य सम्पन्न गर्नु पर्ने अवधि जस्ता विषय उल्लेख गर्नुपर्ने प्रावधान छ । शिवराम मन्दिर निर्माण उपभोक्ता समितिसँग सम्झौतामा गाँउपालिकाको तर्फबाट हुने योग्दान रु.५,००,०००।० मात्र उल्लेख भएको पाइयो । यसरी पूर्ण विवरण उल्लेख नगरी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

६५.२. सम्झौतामा कुल लागत उल्लेख नभएतापनि कार्यसम्पन्न प्रतिवेदनमा रु.६,४१,२३४।२९ उल्लेख भएकोले सो सम्बन्धी थप व्यहोरा यकिन गर्न सकिएन । साथै stone masonry with CS mortar (1:4) कार्यको लागी कार्यसम्पन्नको लागत अनुमानमा दर रु.३,१३२।८२ उल्लेख भएकोमा मूल्याङ्कन गर्दा दर रु.८,६२९।७५ भुक्तानी भएकोमा फरक दर रु.५,४९६।९३ मा भुक्तानी भएको परिमाण २७६३ घन मि. को रु.१,५१,८८०।१८ को प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. १,५१,८८०।१८

६५.३. सो कार्यसम्पन्नमा अन्य कार्यहरुको निम्नानुसार परिमाण थपघट भएको प्राविधिक पुष्ट्याँई समावेश नभएकोले सो पेश गर्नुपर्दछ ।

| सि. नं. | कार्य विवरण | कार्यसम्पन्न प्रतिवेदनको लागत अनुमानमा उल्लेख | खुद काम भएको | फरक थप(+)/घट(-) | थप(+)/घट(-) प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | Stone masonry with mud mortar | ५६.३८ | ३७.२२ | -१९.१६ | -३३.९८ |
| २ | Stone masonry with CS mortar | २.७० | २७.६३ | २४.९३ | ९२३.३३ |
| ३ | Plastering works | ६६.४८ | ४४.२४ | -२२.२४ | -३३.४५ |
| ४ | Reinforcement | ५०.२४ | ३१.७१ | -१८.५३ | -३६.८८ |
| ५ | Dry stone masonry | ६०.७५ | १९.६९ | -४१.०६ | -६७.५९ |

६६. **बियरर चेकबाट उपभोक्ता समिति अध्यक्षलाई रकम भुक्तानी गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रु. २५,०००।०० भन्दा बढी रकमको भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत दिनुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई पारदर्शी बनाउन एकाउन्टपेयी चेकको प्रबर्द्धन गरिएको हो । तर सुर्नया गाँउपालिकाले गरेको निर्णय अनुसार निम्न उपभोक्ता समितिलाई निम्न कार्यको भुक्तानी दिँदा उपभोक्ता समितिको अध्यक्षको नाममा बियरर चेक काटी रु.११,८३,२८३।० भुक्तानी गरेको मनासिब देखिएन । यस्तो प्रवृतिमा सुधार गर्नुपर्दछ । तसर्थ सो रकम नियमित नदेखिएको रु. ११,८३,२८३।०

| भौ.न. र मिति | योजनाको नाम | लागत अनुमान | सम्पन्न रकम | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १३९, २०७५.२.२१ | केदार धुनिघर निर्माण | १,४८,६०३.२१ | १,४८,६०३.२१ | पुष्कर राज भट्ट | ९९,१७०.०० |
| १५८, २०७५.२.२३ | पडरेखोला खानेपानी योजना निर्माण | १,६८,३४२.३४ | १,७०,९९७.३४ | हरिश बहादुर पाण्डेय | ९९,१६१.०० |
| १६८, २०७५.२.७ | मल्लाघर न्वालो निर्माण | १,२६,४२६.६७ | १,२६,४२६.६७ | मान बहादुर मडै | ९९,७५८.०० |
| १८१, २०७५.३०६ | झाडवौ टोलको बाटो निर्माण | १,२२,५०५.६२ | १,३९,५१६.४४ | धनुषा महरा | १,००,०००.०० |
| १८२, २०७५.३.६ | भौनेलीमाण्डौ देखी वडा कार्यालय सम्म घारेटो बाटो निर्माण | १,२६,८०१.१३ | १,२६,८०१.१३ | कमल बहादुर सांउद | १,००,०००.०० |
| १८७, २०७५.३.१० | तल्लाघर खानेपानी न्वालो निर्माण समिति | १,२८,४९७.१६ | १,२६,३१०.६४ | भीम बहादुर पाण्डेय | ९८,७९३.०० |
| २०१, २०७५.३.१३ | गौराघर निर्माण वडा नं. ४ मा | ९९,०२२.४२ | ९९,०२२.४२ | फचुवा महरा | ७९,७१४.०० |
| २२०, २०७५.३.१८ | डवराली गाड पुल निर्माण | ९२,२२४.७८ | ९२,२२४.७८ | रनी लोहार | ७९,५७४.०० |
| २२१, २०७५.३.१८ | चनैराज मन्दिर खोलामा कल्भर्ट निर्माण | ६२,६८९.६३ | ६२,७२७.०९ | धोज बहादुर कुंवर | ४९,७२१.०० |
| २२६, २०७५.३.१८ | ढकरा पि.सि.सि. बाटो निर्माण | १,५३,३३८.८४ | १,५३,३३८.८४ | अम्वादत्त भट्ट | १,२९,६१६.०० |
| २५४, २०७५.३.२३ | न्वोला खोखा कल्भर्ट निर्माण | ६१,२०३.३९ | ६१,२०३.३९ | पुर्णानन्द भट्ट | ४९,०००.०० |
| २५५, २०७५.३.२३ | गोफेश्वर शिव मन्दिर निर्माण | १,३५,२५१.२२ | १,३५,२५१.२२ | हरि सिहं विष्ट | ९९,२९०.०० |
| २७४, २०७५.३.२५ | अरइले खानेपानी मर्मत | १,२८,७८१.१४ | १,३१,६६२.४३ | अम्वादत्त भट्ट | ९९,४८६.०० |
| जम्मा | | | | | ११,८३,२८३.०० |

**गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फः**

६७. **बढी नापी** : भौचर नं. ३–२०७५।२।२१ बाट गारोखोला देखि लेकाली गाड सम्म १७५ मिटर गोरेटो बाटो निर्माण कार्यको लागी कुल लागत अनुमान रु.१,२६,५१२।९३ मा गाँउपालिकाले रु.९६,०००।० योगदान गर्ने गरी सम्झौता भएको पाइयो । लागत अनुमानमा बाटोको कटिङ्ग चौडाई ०.५ मिटर मात्र देखाएकोमा ढुङ्गा बिच्छयाउने कार्यको चौडाई १ मिटर देखाई नापी भएको छ । यसरी कटिङ्ग भन्दा बढी चौडाईमा ढुङ्गा बिच्छयाइएको भेरिएशन तथा अन्य आधार पेश नभएकोले बढीपरिमाण १७.५ घन मिटरलाई प्रति घन मिटर २९५१।८५ ले हुन आउने रु.५१,६५७।२८ मध्ये गाँउपालिकाको योगदान रु.३९,१९८।२६ सम्बन्धी यकिन गर्न नसकिएकोले प्रमाण पेश गर्नुपर्ने रु. ३९,१९८।२६

| कार्य विवरण | लम्बाई (मिटर) | चौडाई (मिटर) | उचाई (मिटर) | परिमाण (घन मि.) | दर (प्रति घन मि.) | जम्मा |
|---|---|---|---|---|---|---|
| E/W excavation | १७५ | ०.५ | ०.७८ | ६८.२५ | ३३९.९ | २३१९८.१८ |
| Stone soling | १७५ | १ | ०.२ | ३५.० | २९५१.८५ | १०३३१४.७५ |
| **फरक** stone soling | १७५ | ०.५ | ०.२ | १७.५ | २९५१.८५ | **५१६५७.२८** |

६८. **भ्रमण स्वीकृति :** भौचर नं. ४–२०७५।३।४ बाट भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(२) मा जिल्लास्तरका कर्मचारी भए आफ्नो क्षेत्रभित्र भ्रमण गर्दा सम्बन्धित कार्यालय प्रमुखबाट भ्रमण आदेश स्वीकृत गर्नुपर्ने उल्लेख छ । कार्यक्रम सञ्चालन वापत जिल्ला समन्वय समितिमा कार्यरत माधव प्रसाद भट्टले २०७५।१।१० देखि १।१३ सम्म भ्रमण खर्च रु.६,४००।० तथा सोही कार्यालयका खेम राज भट्टले २०७५।१।१२ देखि १।१५ सम्म भ्रमण खर्च रु.६४०० लिएकोमा निजहरुको भ्रमण आदेश जिल्ला समन्वय अधिकारीबाट स्वीकृत गराउनुपर्नेमा गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएको तथा सो वापत लिएको भ्रमण खर्च नियमित नदेखिएको रु. १२,८००।०

६९. **बैठक खर्च** : भौचर नं. ४–२०७५।३।४ बाट गाँउपालिका उच्च स्तरिय समिति बैठकको लागी रु.६०,०००।० विनियोजन भएकोमा स्वीकृत कार्यक्रममा हरेक चौमासिकमा ४ पटक गरी १२ पटक बैठक गर्ने उल्लेख छ । तर गाँउपालिकाले सो बैठकहरु चैत्र २, बैशाख २३, २४, २५, २६, २८ र २९ तथा जेष्ठ ३, ४, ६, ७ र ८ गरी सम्पूर्ण बैठक तेस्रो चौमासिकमा

| | | |
|---|---|---|
| | मात्र गरेको कागजात समावेश भएको पाइयो । सो मध्ये पनि बैशाख २३ र २५ को माइन्युट मात्र उच्च स्तरिय समितिको रहेको र अन्य माईन्युट यस कार्यक्रम अन्तर्गतका सामुदायिक संस्थाका रहेकोले १० बैठकको प्रति बैठक रु.५,०००।० को दरले भुक्तानी भएको रु.५०,०००।० नियमित नदेखिएको रु. | ५०,०००।० |
| | **बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ :** | |
| ७०. | **कम भपाई** : भौचर नं ३–२०७४।१२।२९ बाट सुनौला हजार दिनका ६०० घरपरिवारलाई रु.२००।० को दरले बिउ सहयोग वापत रु.१,२०,०००।० खर्च लेखेकोमा कुल ५४४ जनाको विवरण रहेको भर्पाईमा १८ जनाको हस्ताक्षर नभएकोले जम्मा ५२६ जनालाई मात्र वितरण गरेको प्रमाण समावेश भएकोले बुझेको प्रमाण पेश गर्नुपर्ने अन्यथा ७४ जनाको रु.२००।० को दरले बढी भुक्तानी भएको रु.१४,८००।० असुल गर्नुपर्ने रु | १४,८००।० |
| ७१. | **समिति गठन** : भौचर नं ७–२०७५।१।१० बाट बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५।७६ - २०७९।८०) कार्यक्रमको बुदाँ नं. ३.६ (५) मा वडास्तरीय पोषण तथा खाद्य निर्देशक समितिको गठन सम्बन्धी व्यवस्था रहेको छ । कार्यक्रम लागु भएका ४ वडामा गठन भएका निर्देशक समितिका सदस्यहरु सो व्यवस्थामा उल्लेख भएको भन्दा विपरित रहेको पाइयो । कार्यक्रममा २ जना मात्र वडा सदस्य निर्देशक समितिमा रहने व्यवस्था भएकोमा सवै वडामा ४ जना वडा सदस्यहरु नै समितिमा समावेश गरेको पाइयो । निर्देशक समिति गठन व्यवस्था विपरित समितिमा सदस्यता लिएका पदाधिकारीहरुले बैठक भत्ता वापत रु.६०,०००।० समेत लिएको नियमित नदेखिएको रु. | ६०,०००।० |
| ७२. | **अनुमगन खर्च** : भौचर नं ११–२०७५।३।२० बाट कार्यक्रममा गाँउपालिका स्तर निर्देशक समिति र वडा स्तर निर्देशक समितिलाई अनुगमन खर्च वापत रु.६०,०००।० बजेट व्यवस्था गरेकोमा विभिन्न १६ जनाले १ दिन देखि ५ दिन सम्म अनुगमन गरेको उल्लेख गरी एकमुष्ट रु.६०,०००।० भुक्तानी लिइएको पाइयो । कुन मितिमा कुन ठाँउमा अनुगमन गरेको समेत नखुलेको साथै अनुगमन प्रतिवेदन पनि पेश गरेको पाइएन । यस अतिरिक्त दुई समिति सदस्यले मात्र अनुगमन खर्च पाउने व्यवस्था रहेकोमा बहुक्षेत्रीय पोषण योजना दोस्रो ( २०७५।७६ - २०७९।८०) कार्यक्रमको बुदाँ नं. ३.६ मा उल्लेख भएका गाँउपालिका स्तर समिति र वडा स्तर समितिमा रहने पदाधिकारी बाहेकले समेत अनुगमन खर्च लिएको नियमित देखिएन । अनुगमन गरेको विवरण समावेश गरी दुई समितिका पदाधिकारीलाई मात्र अनुगमन खर्च भुक्तानी गर्नुपर्दछ । | |
| | **जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा तर्फ :** | |
| ७३. | सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०७२ (संशोधन सहित) को बुँदा ९ मा अनुसूचि ५ बमोजिम भत्ता पाउनेहरुको फोटो सहितको मूल अभिलेख अधावधिक गरी राख्ने व्यवस्था भएकोमा त्यस्तो अभिलेख नगरपालिकाले तयार गरेको पाइएन । बुँदा ११ मा विभिन्न अवस्था सिर्जना भई लगत कट्टा गर्नुपर्ने भएमा कट्टा गरिएको व्यहोरा अभिलेखमा जनाई जिम्मेवार व्यक्तिले प्रमाणित गर्नुपर्ने व्यवस्था पनि फोटो सहितको मूल अभिलेख नभएको कारण लागू भएको छैन । त्यस्तै सोही कार्यविधिको बुँदा १५ (ङ) मा प्रत्येक नगरपालिकामा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति नगरपालिकाको कार्यालयमा र एक प्रति लेखापरीक्षणको लागि भर्पाई सँगै राख्नुपर्ने व्यवस्था भएपतापनि त्यस्तो व्यवस्थाको पनि परिपालना गरेको पाइएन । त्यस्तै सोही कार्यविधिको बुँदा २२ मा नगरपालिकाभित्र बैंक मार्फत भुक्तानी दिन सकिने व्यवस्था भएतापनि कार्यालयले नगदै बितरण गर्ने गरेको पाइयो । त्यस्तै कार्यविधिको बुँदा २९ ले गरेको व्यवस्था बमोजिम लाभग्राहीहरुको नामावली कार्यालयमा सार्वजनिक गर्ने | |

कार्य पनि गरेको पाइएन । त्यस्तै कार्यालयले कार्यविधिको अनुसूचि ७ बमोजिमको ढाँचामा लाभग्राहीहरुको एकिकृत संख्यात्मक विवरण पनि तयार गरेको पाइएन । MIS System मा तथ्यांक प्रविष्टि गरेको भनी कार्यालयले जनाएको भएतापनि त्यस्तो तथ्यांक लेखापरीक्षणको लागि उपलब्ध भएन । तसर्थ कार्यालयले वितरण गरेको सामाजिक सुरक्षा भत्ता बापत बितरण गरेको रकम सहि र यथार्थ थियो भनी भिडान गर्न सकिएन । कार्यविधि तथा निर्देशिकाले गरेको सबै व्यवस्थाको परिपालना हुनुपर्दछ ।

७४. **भत्ता वितरण** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को बुँदा १५(ख) मा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्ने वा निजको व्यक्तिगत नाममा खोलिएको बैंक खातामा जम्मा गर्नुपर्ने उल्लेख छ । साथै सोही बुँदामा अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानुन बमोजिम कारबाही हुने उल्लेख छ । कार्यालयले यस वर्ष वितरण गरेको भर्पाईको नमुना परीक्षण गर्दा वडा नं १ र ७ को तेश्रो किस्था वितरण गर्दा एउटै व्यक्तिको औठा छाप विभिन्न भर्पाईमा भेटिएको तथा कार्यविधिको १५ (ङ) (अ) मा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति गाँउपालिकाको कार्यालयमा र एक प्रति लेखापरीक्षणको लागी भर्पाई सँगै राख्नुपर्ने व्यवस्था भएतापनि सो कागजात लेखापरीक्षणको क्रममा पेश नभएकोले सम्बन्धित व्यक्तिलाई नै वितरण भएको यकिन हुन नसकेकोले यकिन हुने प्रमाण पेश गर्नुपर्ने रु. ८०,०००।०

**वडा नं. १ तेस्रो किस्ता**

| सि.नं. | भर्पाईमा सि.नं. | नाम | सदस्य कोड | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५ | कलावती चन्द | ५५६१२८० | ८०००।० | सात वटा भर्पाईमा एकै व्यक्तिको औठा छाप रहेको |
| २ | १७ | दल बहादुर चन्द | ४९००८०५ | ८०००।० | |
| ३ | ४३ | सरु चन्द | २२२७०३९ | ८०००।० | |
| ४ | ५० | गीता कोली | ९८२२४२३ | ८०००।० | |
| ५ | ७३ | द्रोपती चन्द | ५३३०५३६ | ४०००।० | |
| ६ | ७९ | जयमती देबि कोली | २४९२१८२ | ४०००।० | |
| ७ | ९५ | अनुभव टेलर | ९१५५२४८ | ०।० | |
| | | | | ४०,०००। | |

**वडा नं. ७ तेस्रो किस्ता**

| सि.नं. | भर्पाईमा सि.नं. | नाम | सदस्य कोड | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २३ | दुरा देवी कुंवर | ७५८५८७६ | ८०००।० | सात वटा भर्पाईमा एकै व्यक्तिको औठा छाप रहेको |
| २ | ३४ | पदमा देवी अवस्थी | ३६६४९३१ | ८०००।० | |
| ३ | ४० | बिजयादेवी कुवर | ८००९४०५ | ८०००।० | |
| ४ | ४८ | मुना देवी कुवर | ७७९०७५७ | ८०००।० | |
| ५ | १०७ | बेलु महरा | ९७३१९६१ | ४०००।० | |
| ६ | १३५ | नन्दा कुवर | ४९८७८९४ | ४०००।० | |
| ७ | १६२ | हजारी सिंह पार्की | २४०७९६६ | ०।० | |
| | | | | ४०,०००।० | |

**वित्तीय समानीकरण (चालु तर्फ) :**

७५. **अनुगमन खर्च सम्वन्धमा:** कार्यालयले विभिन्न मितिमा विभिन्न कार्यक्रममा अनुगमन तथा मूल्यांकन गरेको तथा कार्यक्रमको लागि भ्रमण गरेको भनी यो बर्ष कुल रु ४०,९२,६४९।०० खर्च गरेको छ । कार्यालयले भ्रमणको अभिलेख तयार गरेको छैन । भ्रमण अभिलेख नहुदा कुन कर्मचारी तथा पदाधिकारीले के प्रयोजनको लागि कति समय अनुगमन तथा भ्रमण गरे भनी बिश्लेषण गर्न सकिएन । अनुगमन तथा भ्रमण गर्दा भ्रमणको उद्धेश्य

तथा प्रयोजन प्रस्ट खुलाउने गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा कार्यक्रम भ्रमण पश्चात प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरिएको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धीत कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो भनी यकिन गर्न सकिएन । यसरी खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

७६. **गाडी भाडा :** कार्यालयले यो बर्ष वित्तीय समानीकरण चालुबाट रु २,००,०००।० र कन्टिन्जेन्सीबाट रु ५,९२,७००।० गरी कुल रु.७,९२,७००।० खर्च गरेको छ । विभिन्न सवारी धनीहरुसँग पटके सम्झौता गर्ने र रकम भुक्तानी दिने गरेको पाइयो । पटके सम्झौता गर्दा भाडा निर्धारण कसरी गरियो भन्ने कुनै आधार प्रस्तुत भएन । विभिन्न निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुले सरकारी कामकाजको लागी स्पष्ट उद्देश्य वेगर खर्च लेख्ने गरेको पाइयो । तसर्थ उद्देश्य र प्रयोजन स्पष्ट नगरी सवारी भाडामा खर्च लेखेको उचित देखिएन ।

७७. **सवारी साधन खर्च :** कार्यालयले विभिन्न मितिमा पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च बापत रकम भुक्तानी दिदा भ्रमण गर्नेहरुले सम्बन्धित सवारी साधनको टिकट वेगर दाबि गरे अनुरुप सवारी साधन बापतको रकम भुक्तानी दिने गरेको पाइयो । टिकट संलग्न नगरेको अवस्थामा सम्बन्धित बस व्यवसायी समिति वा कम्पनीको दररेट लिई सो अनुसार भुक्तानी गर्नुपर्ने वा टिकट अनिवार्य संलग्न गर्नुपर्नेमा गरेको छैन । भ्रमण खर्चको यथार्थताको लागि उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ ।

७८. **खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ मा बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । तर कार्यालयले खरिद योजना बनाएको पाइएन । खरिद कानूनमा भएको व्यवस्था बमोजिम खरिद योजना बनाएर मात्र खरिद गर्नुपर्दछ ।

७९. **खरिद बिधि :** एकै प्रकृतिका सामानको खपत समेत उल्लेख्य परिमाणमा भएकोमा कार्यालयले सामानको प्रकृति अनुसार प्याकेजिङ गरी रकमको परिमाण अनुसार खरिद विधि छनौट गरेको छैन । कार्यालयले कार्यालय सञ्चालन सम्बन्धी कार्यालय सामानहरुको खरिदमा यो बर्ष रु २३,८५,७४९।३८ खर्च गरेको छ । एकै प्रकृतिका सामानहरुको खरिदमा एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्न सकिने भएतापनि कार्यालयले विभिन्न मितिमा सोझै टुक्रे खरिद गरेको र वडा कार्यालयहरुलाई पेश्की दिई पेश्की मार्फत कार्यालय समानहरु खरिद भएको पाइयो । तसर्थ कार्यालयले खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गरी खरिद योजना मार्फत स्पष्ट खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ ।

८०. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था छ । तर कार्यालयले कार्यालय सामान, औषधी लगायतका मालसामान सोझै खरिद गर्दा उक्त नियममा भएको व्यवस्थाको परिपालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावलीले तोके बमोजिम मालसामानको स्पेसिफिकिसेन बमोजिम लागत अनुमान तयार गर्ने, दररेट माग गर्दा लिखित रुपमा कम्तिमा तिनवटा आपूर्तिकर्ताबाट माग गर्ने, न्यूनतम कबोल गर्ने आपूर्तिकर्ताबाट खरिद गर्ने र सामानको प्राप्ति पश्चात स्पेसिफिकेसन बमोजिम आए नआएको यकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ । त्यस्ता खरिदका केही उदाहरण निम्न छन् :

| सि.नं. | गो.भौ.नं र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २२, २०७४/७/१९ | ग्लोबल इम्पेक्स धनगढी | ३,१०,७५०.०० |
| २ | २२२, ०७५/३/२४ | बिनायक भेट डिस्ट्रिब्युटर्स | १६१०४१.८० |
| ३ | ११, ०७४/८/२८ स्वास्थ्य | डिबी मेडिसिन सेन्टर धनगढी | २८००००.०० |
| ४ | ११, ०७४/८/२८ स्वास्थ्य | ड्रग सेन्टर धनगढी | १३६६७७.४४ |

८१. **सवारी इन्धन :** कार्यालयले यो बर्ष निर्वाचित पदाधिकारीको लागी रु १०५५४।० र कर्मचारीको लागी रु.९५,५९९।० सवारी इन्धन भनी खर्च गरेको छ । पदाधिकारी वा

| | | |
|---|---|---|
| | कर्मचारीलाई इन्धन बापतको सुविधा दिँदा निश्चित नर्म्समा आधारित रहेर उपलब्ध गराउनुपर्दछ । कुनै पनि सुविधा कानूनद्वारा व्यवस्थित नभई उपलब्ध गराएको उचित देखिएन । | |
| ८२. | **सञ्चार सुविधा :** कार्यालयले वडा तर्फ सञ्चार सुविधामा प्रति वडा रु.२४०००।० का दरले ८ वटा वडाको लागि कुल रु.१,९२,०००।० खर्च गरेको छ । प्रत्येक वडाले उक्त रकम विभिन्न मोबाइलमा रिचार्ज गर्न प्रयोग गरेको देखिन्छ । सञ्चार सुविधा कसलाई कतिसम्म दिने भन्ने प्रष्ट कानूनी व्यवस्था नभई खर्च गरिनु उचित देखिएन । कार्यालयले यो बर्ष सञ्चारमा रु.३,०६,२७८।० खर्च गरेको छ । उक्त खर्च प्राय : विभिन्न मोबाइलहरुमा रिचार्ज गर्न प्रयोग गरिएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मा गाँउपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षलाई क्रमशः मासिक रु ११००, १००० र ५०० का दरले बार्षिक रु.७३,२००।० सम्म सञ्चार सुविधा दिने व्यवस्था भएको पाइन्छ । तर कार्यालयले कसको लागि र कतिसम्म रिचार्ज सुविधा गर्ने प्रष्ट व्वस्था नगरी रु ३,०६,२७८.० खर्च लेखेको उचित देखिएन । यस्तो खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ । | |
| ८३. | **विविध खर्च :** कार्यालयले वडातर्फ विविध खर्च भनी रु.१०,६६,७३०।० खर्च गरेको पाइयो । उद्देश्य र प्रयोजन प्रस्ट नखुल्ने यस्ता प्रकृतिका खर्चहरुलाई निश्चित सिमा कायम गरी नियन्त्रण गरिनुपर्दछ । | |
| ८४. | **राँगो खरिद :** कार्यालयले राँगो खरिद कार्यक्रममा रु.२५००००।० खर्च लेखेको छ । वडा नं. ३, ६, ७ र ८ का वडाध्यक्षहरुले प्रति राँगो रु.६२५००।० का दरले राँगो खरिद गरिसकेको भनी ४ वटा राँगोको रु.२,५०,०००।० रकमको सादा कागजमा बुझेको भर्पाई संलग्न गरेको पाइयो । खरिद प्रक्रिया वितरण र भुक्तानी प्रक्रिया स्पष्ट नभएकोले त्यस्तो खर्च रकम नियमित हुनुपर्ने रु. | २,५०,०००।० |
| ८५. | **शिक्षा अनुदान :** कार्यालयले गो.भौ.नं. २३५, मिति २०७५।३।२८ बाट शिक्षा अनुदान भनी रु ९,४८,४२०।० खर्च लेखेकोमा व्यहोरा निम्नानुसार रहेको पाइयो : | |
| ८५.१. | शिक्षकहरुको ४ दिने तालिम सञ्चालनको लागी सान्दीपनी ग्रुप अफ एजुकेशन बागबजार काठमाडौंलाई रु.५,१०,०००।० भुक्तानी दिएको पाइयो । विना प्रतिस्पर्धा संस्था सोझै छनौट गरेको र गाँउपालिकाको तर्फबाट स्रोतव्यक्तिले सम्झौता गरेको पाइयो । उक्त संस्थाले कर बिजक जारी नगरेको तथा कार्यालयबाट भुक्तानीमा अग्रिम कर बापतको रकम पनि कट्टि नगरेको पाइयो । तसर्थ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम संस्था छनौट गर्ने प्रक्रिया पुरा नगरेकोले खरिद प्रक्रिया नियमसँगत देखिदैन । अग्रिम कर बापतको रु.७६,५००।० असुल गर्नुपर्ने रु | ७६,५००।० |
| ८५.२. | सहभागी १३० जनालाई खाजा खर्च भनी रु.५२०००।० खर्च लेखेकोमा बिक्रेताको नाम, ठेगाना नभएका ४ थान सादा बिल प्रयोग भएको पाइयो । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रु.२००००।० भन्दा माथिको खरिद गर्दा मू.अ.कर दर्ता भएकोसँग खरिद गर्नुपर्ने व्यवस्था भएपनि मू.अ.कर दर्ता नभएको एक होटलको रु ८८,७५०।० को बिल संलग्न गरेको पाइयो । बिल बिजकको प्रयोग वेगर र सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना नगरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |
| ८६. | **भुक्तानी बाँकीको विवरण :** कार्यालयले गो.भौ.नं. ६, मिति २०७४।६।२ बाट विभिन्न वडाहरुको बैठक भत्ता भनी ५ वटा वडाको लागि मिति २०७४ असारको बैठक भत्ताबापत रु.६०,०००।० खर्च लेखेको छ । भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.१८) वेगर खर्च गरेको उचित देखिएन । | |
| ८७. | **सरुवा भ्रमण खर्च :** कार्यालयले गो.भौ.नं. ९ मिति २०७४।६।२२ बात खगेन्द्र भारतीलाई मिति २०७४।६।२२ देखि २०७४।६।२५ सम्मको सरुवा भ्रमण खर्च भुक्तानी दिँदा ५ जनाको लागि एक दिनको रु १६०० का दरले रु ८०००।० बढी भुक्तानी दिएकोले उक्त बढी भएको रकम असुल गर्नुपर्ने रु. | ८,०००।० |

८८. **बैठक भत्ता :** कार्यालयले कार्यालय समयमा नियमित प्रकृतिको कार्य अन्तर्गत पर्ने खरिद इकाइ समितिको कार्यलाई बैठक भनी निम्नानुसारको मितिमा भत्ता बापत रु ९४,८००।० खर्च गरेको छ । यसरी खर्च गर्न मिल्ने देखिदैन । नियमित प्रकृतिको कार्यलाई बैठक भत्ता दिएकोले खर्च रकम अनियमित देखिएको रु — ९४,८००।०

| सि.नं. | गो.भौ.नं. र मिति | भत्ता बापत दिएको रकम |
|---|---|---|
| १ | १८, २०७४/६/२८ | १२९००.०० |
| २ | २२, २०७४/७/१९ | १२९००.०० |
| ३ | ७८, २०७४/११/११ | १८०००.०० |
| ४ | १५८, २०७५/२/२२ | ५१०००.०० |
| | **जम्मा** | **९४,८००.००** |

८९. **अग्रिम कर :** कार्यालयले गो.भौ.नं. २२, मिति २०७४।७।१९ बाट सामाजिक सुरक्षा भत्ता पाउनेहरुको नियमावली अध्यावधिक गरे बापत भनी दान सिंह बिष्टलाई एकमुष्ठ रु ३०,०००।० भुक्तानी गरेको पाइयो । उक्त रकममा आयकर ऐन २०५८ अनुसार पारिश्रमिक कर बापत रकम कट्टि नगरेकोले कर बापत रु ४,५००।० असुल गर्नुपर्ने रु. — ४,५००।०

९०. **पेश्की बाट खरिद :** कार्यालयले विभिन्न प्रयोजनको लागि विभिन्न मालसामानहरु खरिद गर्दा कर्मचारी तथा पदाधिकारीहरुलाई पेश्की दिने र निजहरुले खरिद गरी बिल पेश गरे पश्चात रकम भुक्तानी दिने गरेको पाइयो । यस्ता केही उदाहरण निम्न छन् :

| सि. नं. | गो.भौ.नं. | पेश्की लिने व्यक्तिको नाम | खरिदको प्रकार | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २८ | हर्क बहादुर चन्द | पशु सम्बन्धी औषधी | ३,५९,३२०.०० |
| २ | १२७ | हर्क बहादुर चन्द | बोका खरिद | २,४०,१२०.०० |

पेश्की मार्फत खर्च गर्ने पद्दतिमा सुधार हुनुपर्दछ ।

९१. **मासुमा आत्मनिर्भर कार्यक्रम :** कार्यालयले यस कार्यक्रमको लागि गो.भौ.नं. १६४ मिति २०७५।२।२९ बाट श्री हर्क बहादुर चन्दको रु ८,६२,०००।० पेश्की फछ्र्यौट गरेकोमा व्यहोरा निम्नानुसार पाइयो :

९१.१. खर्चको तेरिज नबानाएको र बिल भर्पाई सिलसिलेवार रुपमा मिलाएर नराखेको अवस्थामा समेत पेश्की फछ्र्यौट गरेको उचित देखिएन ।

९१.२. बाखा खोर सुधार अनुदानको लागि ४० जना कृषकलाई रु ५००० का दरले रु २,००,०००।० र कुखुरा खोर सुधारको लागि ४० जना कृषकहरुलाई रु २००० का दरले रु ८०,०००।० बितरण गरेको उक्त अनुदान सोही प्रयोजनमा प्रयोग भए नभएको यकिन हुन सकेन । तसर्थ अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

९१.३. तिन जनालाई ६ वटा कक्षाबापत रु २००० का दरले कक्षा भत्ता बापत बितरण गरेकोमा निजहरुले कार्यपत्र संलग्न गरेको प्रमाण पेश भएन । तसर्थ निजहरुलाई अर्थ मन्त्रालयको खर्च सम्बन्धी मापदण्ड बमोजिम प्रति कक्षा रु ७०० का दरले भुक्तानी दिनुपर्नेमा बढी दिएकोले सम्बन्धितबाट ६ वटा कक्षाको रु ७,८००।० असुल हुनुपर्ने रु. — ७,८००।०

९२. कार्यालयले गो.भौ.नं. १९० मिति २०७५।३।१० बाट सामूदायिक युवा बिकास तथा अनुसन्धान केन्द्र बैतडीलाई रु.२,५०,०००।० पेश्की दिएको पाइयो । गाँउपालिकाको आ.ब. २०७४।७५ को योजनाहरुको अनुगमन तथा योजनाहरुसँग सम्बन्धित कार्य मिति २०७५।३।१० भित्रमा गर्न भनी रु.४,९९,०००।० को सम्झौता गरी उक्त पेश्की रकम दिएकोमा हालसम्म कार्य सम्पन्न नभएकोले त्यसतो संस्थालाई जिम्मेवार बनाउनु पर्दछ ।

९३. **कार्यक्रम संशोधन :** ७५ प्रतिशत अनुदानमा मकैको बिउँ बितरण कार्यक्रमलाई प्रमुख प्रशासकिय अधिकृत तहबाट कार्यक्रम संशोधन गरी विनियोजित रकममध्ये रु.१,५०,०००।० को विभिन्न फलफुल बिउँ खरिद तथा बितरण गरेको पाइयो । गाँउसभाबाट पारित कार्यक्रम संशोधन गर्ने अख्तियारी प्रशासकिय प्रमुखलाई प्राप्त भएको प्रमाण पेश भएन ।

| | | |
|---|---|---|
| | यसरी कार्यक्रम संशोधन गरी खर्च गरेको उचित देखिएन । | |
| ९४. | कार्यालयले गो.भौ.नं. २२२, मिति २०७५।३।२४ बाट श्री हर्क बहादुर चन्दको पशु सम्बन्धी विभिन्न कार्यक्रम गरेको भनी रु २,४१,१००.०० पेश्की फछ्र्यौट गरेकोमा संलग्न कागजात अनुसार ६ जनालाई ९ दिन अनुगमन गरेको भनी स्वीकृत भ्रमण आदेश र भ्रमण बिल वेगर दैनिक रु १००० का दरले रु ५४००० खर्च लेखेको पाइयो । आवश्यकता र औचित्यको आधारमा उपलब्धी हासिल हुने गरी अनुगमनमा खटाईनुपर्दछ । खर्चको औचित्य पुष्टि हुन नसक्ने गरी अनुगमनको नाममा भ्रमण आदेश र बिल बिना रकम भुक्तानी दिने परीपाटीमा नियन्त्रण हुनुपर्दछ । | |
| ९५. | **औषधी खरिद :** कार्यालयले गो.भौ.नं. २२९ मिति ०७५।३।२५ बाट सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा तिवारी मेडिकल डिस्ट्रिब्युटर्स धनगढीबाट रु ९५५४२८।०० मा औषधी खरिद गरेको थियो । त्यस्तै सर्शत अनुदान स्वास्थ्य तर्फ गो.भौ.नं. ११ बाट रु २,८०,०००।०० को औषधी सोझै खरिद गरेको छ । कार्यालयलाई आवश्यक पर्ने औषधी बार्षिक खरिद योजना बनाई सोही आधारमा एउटै प्याकेज बनाई खरिद गर्नुपर्नेमा टुक्राएर खरिद गरेको उचित देखिएन । | |
| ९६. | कार्यालयले गो.भौ.नं २३३ मिति २०७५।३।२२ बाट गाँउपालिकाका अध्यक्षलाई रिचार्ज भनी रिचार्ज कार्डको बिल राखी रु ३६,०००।० भुक्तानी गरेको पाइयो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मा गाँउपालिकाका अध्यक्षलाई मासिक रु ११०० का दरले सञ्चार सुविधा हुने व्यवस्था रहेकोमा ऐनले तोकेको भन्दा रु २२८००.०० बढी खर्च लेखेको छ । त्यस्तै सोही भौचरबाट साधन प्रयोगको स्पष्ट प्रयोजन नखुलाई इन्धनमा लेखिएको खर्च रु १००००।० र पदाधिकारीहरुको लागि तन्ना ब्लांकेट भनी खरिद गरे वापत खर्च लेखीएको रु १९५००।० गरी कुल रु ५२,३००।० खर्च रकम नियमित नदेखिएको रु. | ५२,३००।० |
| ९७. | **साविकको स्थानीय निकायको जिन्सी अवस्था :** कार्यालयको जिन्सी खाता परिमाण, दर र मूल्य खुल्ने ढाँचामा नरही एकमुष्ठ आम्दानी, खर्च र बाँकी देखिने प्रकृतिको रहेको पाइयो । खर्च नहुने खाता पनि एकिकृत रुपमा एउटै नभई एक भन्दा बढी संख्यामा बनाउने गरेको पाइयो । साबिक स्थानीय निकाय हुदाको अवस्थाको जिन्सी समानहरु के कस्तो अवस्थामा कहाँ छन भन्ने कुरामा अभिलेख मौन रहेको कारण यकिन गर्न सकिएन । उल्लेखित कमजोरीहरुमा सुधार हुनुपर्दछ । | |
| ९८. | कार्यालयले वडा नं. २ स्थित एक बर्थिङ्ग सेन्टर व्यवस्थापनको लागि गत बर्षको मौज्दात रकम बाट रु ५,००,०००।० वडा कार्यालयलाई पेश्की दिएकोमा व्यहोरा निम्नानुसार देखियो : | |
| ९८.१. | ड्रग सेन्टर धनगढीबाट रु १,४१,१७०।९० मा विभिन्न औषधी र आधा लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्सबाट रु ५०,१४९।९७ को सोलार पेश्कीबाट खरिद गरेकोमा त्यस्तो खरिद गर्दा सार्वजनिक खरिद नियमावली को नियम ८५ ले तोकेको सोझै खरिद सम्बन्धी प्रक्रियाहरु पुरा गरेको पाईएन । तसर्थ कार्यालयले पेश्कीबाट खरिद नियमावलीको प्रक्रिया पुरा नगरी खरिद गरेको उचित देखिएन । | |
| ९८.२. | वडाअध्यक्ष श्री हर्क बहादुर पाण्डेले आफ्नो भ्रमण आदेश आफै स्वीकृत गरी रु २१,२५०।० भ्रमण खर्च बुझेको र वडा सचिवले ४ जना कर्मचारीको भ्रमण आदेश र भ्रमण बिल स्वीकृत गरी रु १९,६८०।० गरी कुल रु ४१,११०।० खर्च लेखेको पाइयो । निजहरुलाई भ्रमण आदेश तथा भ्रमण बिल स्वीकृत गर्ने र खर्च गर्ने आधार प्रमाण पेश गर्नुपर्ने रु. | ४१,११०।० |
| | **सशर्त अनुदान (स्वास्थ्य तर्फ) :** | |
| ९९. | गो.भौ.नं. १२ मिति २०७४।८।२८ बाट तर्कराज भट्टको पेश्की फछ्र्यौट हुदा रु.२,४००।० बैंक दाखिला भनेपनि सो को बैंक भौचर पेश भएन । बैंक दाखिला भौचर पेश गर्नुपर्ने रु | २,४००।० |
| १००. | **शीर्षक फरक :** कार्यालयले ६ जना करार अनमी र ३ जना कार्यालय सहयोगीको विभिन्न महिनाको तलब खर्च लेख्दा केही अंश स्वास्थ्य तर्फ सर्शत अनुदानबाट र केही अशं वित्तीय | |

| | | |
|---|---|---|
| | समानीकरण चालु खर्च बाट खर्च लेख्ने गरेको पाइयो । कार्यालयले विभिन्न महिनाको तलब खर्च बापत रु.३,७५,०००।० वित्तीय समानिकरण चालुतर्फबाट खर्च लेखेको पाइयो । खर्च एउटै बजेट शिर्षक वा खाताबाट खर्च नलेख्दा एकिकृत रुपमा बिषयगत बजेट खर्च स्पष्ट नहुने हुँदा बिषयगत शीर्षकबाट खर्च हुने गरी खर्च लेखिनुपर्दछ । | |
| १०१. | कार्यालयले गो.भौ.नं. ५१ मिति २०७५।३।३० मातृ शिशु तथा बाल्यकालीन पोषण सम्बन्धी वडास्तरीय तालिम कार्यक्रमको लागि अहेव श्री जगदीश प्रसाद भट्टको पेश्की फछ्र्यौट गरेकोमा व्यहोरा निम्नानुसरा देखियो : | |
| १०१.१. | ६६ वटा समूहको लागि प्रति समूह रु.३७५० का दरले कुल रु.२,४७,५००।० को खाजा खर्च लेखेकोमा बिक्रेताको नाम ठेगाना नभएको बिल हरु प्रयोग गरी भुक्तानी भएको पाइयो । बिक्रेताको विवरण उल्लेख नभएका सादा बिलबाट भुक्तानी दिने परिपाटीमा सुधार हुनुपर्दछ । | |
| १०१.२. | स्थानीय एक पसलबाट मिति उल्लेख नभएका ५ थान बिलबाट रु.७०,९५०।० भुक्तानी भएको पाइयो । मिति उल्लेख नगरी जारी भएका बिलमार्फत भुक्तानी भएको रकम नियमित नदेखिएको रु. | ७०,९५०।० |
| १०२. | **आमा सुरक्षा कार्यक्रम :** कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत ९ वटा स्वास्थ्य संस्थामा २५३ जना सुत्केरी गराएको भनी प्रति सुत्केरी इकाइ मूल्य अनुदान रु १००० का दरले सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई रु.१,५०,०००।० रकम उपलब्ध गराएको छ भने बाँकी रकम यो बर्ष खर्च नलेखी भुक्तानी दिन बाँकीको कच्चावारीमा राखेको पाइयो । त्यस्तो रकम सम्बन्धित संस्थाको खातामा राखेको वा सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप बितरण गरेको प्रमाण पेश हुन आएन । तसर्थ निर्देशिकाले तोकेबमोजिम उक्त रकम बितरण गरेको प्रमाण कागजात पेश हुनुपर्ने रु. | १,५०,०००।० |
| | **सर्शत अनुदान (शिक्षा तर्फ) :** | |
| १०३. | **बालकेन्द्र शिक्षक :** कार्यालयले यस बर्ष २२ बाल बिकास केन्द्रका शिक्षकहरुलाई पारिश्रमिक बापत मासिक रु.६,०००।० का दरले रु.१७,१६,०००।० निकासा गरेको छ । जिल्ला शिक्षा कार्यालय बैतडीले तयार गरेको फ्ल्यास रिपोर्ट २०७४ अनुसार सुर्नया गाँउपालिका अन्तर्गत विद्यार्थी नै शुन्य रहेका ७ वटा बाल बिकास केन्द्र रहेको देखिएको छ । तसर्थ कार्यालयले विद्यार्थी शुन्य रहेका ७ वटा बाल बिकास केन्द्र मा मासिक रु ६०००।० का दरले १३ महिनाको रु.५,४६,०००।० निकासा भएको देखिएको छ । यसमा विद्यार्थी नै शुन्य भएका ७ वटा बाल बिकास केन्द्र सञ्चालनमा रहे नरहेको कार्यालयले छानबिन गरी प्रमाण पेश गर्ने अन्यथा उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु. | ५,४६,०००।० |
| १०४. | **विद्यालय कर्मचारी :** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४।०५ को कम्पोनेन्ट नं. २.१५.११ मा विद्यालय कर्मचारीका लागि निकासा दिनु अगाडि नै सबै विद्यालय कर्मचारीको अभिलेख स्थानीय तहको कार्यालयमा राख्ने र विद्यालय कर्मचारीको लागि तोकिएका आधार एवं मापदण्डका आधारमा अनुदान निर्धारण गर्ने तथा अनुदान प्राप्त गर्ने विद्यालय संख्या, विद्यालयमा उपलब्ध विद्यालय कर्मचारी संख्या तथा रकम बुझेको भरपाई समेतलाई सूचक मानी अनुगमन सूचक तोकेको छ । कार्यालयले यो वर्ष विद्यालय कर्मचारीहरुको लागि रु ४३,६८,०००।० निकासा दिएको छ । यसरी अभिलेख तयार गरेर कर्मचारी यकिन नगरी निकासा दिएको कारण कर्मचारी नभएको विद्यालयलाई समेत निकासा हुन सक्दछ । तसर्थ कार्यालयले विद्यालयगत रुपमा कर्मचारीहरुको नामनामेसी सहितको विवरण तयार गरेर मात्र रकम निकासा दिनुपर्दछ । | |
| १०५. | **नन् पिसिएफ अनुदान :** कार्यालयले गो.भौ.नं. १७, मिति २०७४।१२।१८ बाट कक्षा १ देखि १२ सम्मको विद्यार्थीहरुलाई विभिन्न तहगत दरमा कुल रु.१०,९३,९५०।० निकासा गरेको छ । कार्यालयले कक्षा ११ र १२ का कुल ५०५ विद्यार्थीहरुलाई रु.२५० का दरले रु १,२६,२५०।० रकम निकासा गरेकोमा जिल्ला शिक्षा कार्यालयले तयार गरेको तथ्यांक | |

| | | |
|---|---|---|
| | विवरणमा सुर्नया गाँउपालिकामा कक्षा ११ र १२ मा विद्यार्थीहरु नै नभएको देखाएको छ । यसरी तथ्यांक फरक परेको कारण खुलेन । कार्यालयले तथ्यांक यकिन गरी बढी निकासा गएको पाइएमा सम्बन्धितबाट रकम असुल गर्ने र तथ्यांक गलत भएको पाइएमा गलत तथ्यांक तयार गर्ने सम्बन्धीत कर्मचारीलाई कानून बमोजिम कारवाही गर्नुपर्दछ । त्यस्तै कार्यालयले तयार गरेको कक्षा ११ र १२ को तथ्यांक र फ्ल्यास २०७४ को कक्षा १ देखि १० सम्मको तथ्यांकलाई आधार मान्दा कुल रु १०,९०,४५०।०० निकासा जानुपर्नेमा रु.३५००।० बढी निकासा गएको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३,५००।० |
| १०६. | **बढी निकासा :** कार्यालयले गाँउपालिकामा रहेका बाल बिकास केन्द्रमा ५६९ विद्यार्थीहरु रहेको भनी प्रति विद्यार्थी बाल बिकास केन्द्र अनुदान रु ५०० का दरले कुल रु २,८४,५००।० निकासा गरेको छ । फ्ल्यास रिपोर्ट २०७४ मा सुर्नया गाँउपालिका अन्तर्गतका बाल बिकास केन्दमा जम्मा ५०० जना मात्रै अध्ययनरत रहेको देखिएको छ । तसर्थ फ्ल्यास रिपोर्ट २०७४ मा भन्दा ६९ जनालाई रु ५०० का दरले बढी निकासा गएको रु.३४,५००।० असुल गर्नुपर्ने रु. | ३४,५००।० |
| १०७. | **छात्रवृत्तिको अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ मा छात्रवृत्ति वितरण गर्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नुपर्ने, समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्वन्धी नीति तयार गर्ने, विद्यालय खुलेको दिनमा कम्तिमा ८० प्रतिशत हाजिर भएका छात्रछात्रालाई दोहोरो नपर्ने गरी अभिभावकको रोहबरमा वितरण गरी र वितरणको नाम नामेसी सहितको विवरण कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले छात्रवृत्ति वितरण भएका छात्रछात्रालाई निर्देशिकाले तोकेबमोजिम बितरण भए नभएको यकिन विवरण समेत प्राप्त नगरी छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई रकम निकासा दिएको छ । यसरी निकासा दिएकोमध्ये केही छात्रवृत्तिको संख्या र रकम निम्नानुसार देखिएको छ । तसर्थ सम्बन्धीत विद्यार्थीले रकम प्राप्त गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ ।<br><br>**सि.नं.** / **छात्रवृत्तिको प्रकार** / **संख्या** / **रकम**<br>१ / छात्रा (कक्षा १- ८) / २४३२ / ९७२८००<br>२ / दलित छात्र (कक्षा १- ८) / ४०४ / १६१६००<br>३ / माध्यामिक दलित / ११८ / ५९०००<br>**जम्मा** / / / **११९३४००** | |
| १०८. | **बढी निकासा :** कार्यालयले आधारभुत तह छात्रा छात्रवृत्ति रकम निकासा गर्दा फ्ल्यास रिपोर्ट २०७४ ले देखाएको संख्या भन्दा ३८ जनालाई रु.४०० का दरले रु.१५,२००।० बढी निकासा दिएकोले बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. | १५,२००।० |
| १०९. | **निरन्तर विद्यार्थी मूल्याकंन :** कार्यालयले गो.भौ.नं. ५ मिति २०७४।११।५ मा निरन्तर विद्यार्थी मूल्यांकन कार्यक्रमको लागि रु.९५,८००।० निकासा दिएको छ । यसरी निकासा दिदा शैक्षिक सत्र सुरु भएपछिको नयाँ भर्ना भएका विद्यार्थीकोहरुको संख्यालाई आधार मान्नुपर्नेमा २०७४ मा कार्यालय आफैले तयार गरेको तथ्यांकलाई आधार मानेको पाइयो । निकासा दिएको पुष्टि हुने प्रमाणित तथ्यांक (२०७५ मा नयाँ भर्ना भएका कक्षा १ का विद्यार्थीहरु) पेश गर्नुपर्ने रु. | ९५,८००।० |
| ११०. | **विद्यालयगत निकासा खाता :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम अधिकार प्राप्त अधिकारीले आय व्यय ठिकसँग छ भएको भन्ने कुरामा विश्वस्त हुन कुनै पनि काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको छैन र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले विद्यालयहरुलाई तबल भत्ता लगायतका चौमासिक निकासा दिदा सो को अभिलेख खातामा | |

| | | |
|---|---|---|
| | चढाउने गरेको देखिएन । जसले गर्दा सबै विधालयको निकासा एककित रुपमा भिडान गर्न सक्ने स्थिति रहेन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई विश्वसनीय एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत अभिलेख खाता राख्नुपर्ने देखियो । | |
| १११. | **तलबी प्रतिवेदन :** शिक्षा नियमावली २०५९ को नियम १२६(२) (ङ्ग) मा शिक्षकको बार्षिक तलबी प्रतिवेदन पारित गर्ने, गराउने सम्बन्धमा उल्लेख छ । तलबी प्रतिवेदन पारित नभएको तथा विद्यालयगत शिक्षकहरुको स्वीकृत दरबन्दी, पदपूर्ति तथा रिक्त पद खुल्ने विवरण तथा सरुवा तथा काज भएका शिक्षकहरुको विवरण पेश नभएकोले शिक्षकहरुको तलब र ग्रेड सहि थियो भनी यकिन गर्न सकिएन । तसर्थ कार्यालयले हरेक बर्ष तलबी प्रतिवेदन पारित गर्नुपर्दछ । त्यस्तै कार्यालयले विद्यालयलाई प्रथम चौमासिक निकासा दिँदा विद्यालयको सामाजिक परीक्षण र तेस्रो चौमासिक वित्तीय लेखापरीक्षण प्रतिवेदन अनिवार्य रुपमा लिनुपर्नेमा लिएको पाइएन । | |
| ११२. | **शिक्षक दरबन्दी र पदपूर्ति :** कार्यालयले विधालयगत रुपमा शिक्षकहरुको स्वीकृत दरबन्दी विवरण र कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गरी राखेको पाइएन । जिल्ला शिक्षा कार्यालयले प्रथम चौमासिक तलब निकासाको लागि बनाएको विवरणको आधारमा तलब भत्ता निकासा गरेको पाइयो । कार्यालयले शिक्षकहरुको आन्तरिक सरुवा तथा काज मा खटाए नखटाएको भन्ने विवरण लेखापरीक्षणको क्रममा पेश भएन । तसर्थ हरेक बर्ष दरबन्दी अनुसार पदपूर्ति भए नभएको र शिक्षकहरु कार्यरत रहे नरहेको यकिन गरी विवरण अधावद्यिक गर्ने र सोही अनुसार तलब भत्ता निकासा गर्नुपर्ने हुन्छ । यस्तो विवरण वेगर तलब भत्ता निकासा हुँदा स्वीकृत दरबन्दी भन्दा बढी निकासा हुन सक्ने, कुनै विधालयमा शिक्षकहरुको चाप हुने तथा कुनैमा शिक्षकहरुको अभाव हुन सक्ने हुँदा कार्यालयले शिक्षकहरुको विधालयगत दरबन्दी, कार्यरत र रिक्त अवस्थाको प्रस्ट हुने गरी अभिलेख तयार गर्ने र समय समयमा अधावधिक गर्नुपर्दछ । | |
| ११३. | **बढी निकासा :** कार्यालयले गलीनाथ प्रा. वि. चौकामा कार्यरत शिक्षक देविदत्त जोशी मिति २०७५।३।१ मा अवकाश भएकोमा २०७५ असार महिनाको पुरै तलब बापतको रकम उक्त विद्यालयलाई निकासा दिएको पाइयो । निजको मासिक तलब भत्ता जम्मा रु.३१,३५६।५० रहेकोमा असार महिनाको तलब बापत बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. | ३१,३५६।५० |
| ११४. | **शिक्षा अनुदान :** गाँउ सभाले सामाजिक सुरक्षाको लागि भनी रु.३,७५,००,०००।० रकम विनियोजन गरेकोमा कार्यपालिकाको मिति २०७४।१२।०१ को निर्णबाट निजी शिक्षकहरुको लागि अनुदान भनी रु.१,५०,००,०००।० खर्च गर्ने निर्णय गरेको छ । मिति २०७५।२।८ को गाँउ कार्यपालिकाको निर्णय अनुसार सोही विनियोजित बजेटबाट विद्यालय व्यवस्थापन र अभिभावक शिक्षा सञ्चालन व्यवस्थापन र आवश्यकता सम्बोधनको लागि भनी प्राविलाई प्रति विद्यालय रु.२,००,०००।०, निमाविलाई प्रति विद्यालय रु.४,००,०००।० र माविलाई प्रति विद्यालय रु.७,००,०००।० का दरले निकासा गर्ने निर्णय भएअनुरुप कार्यालयले वित्तीय समानीकरण चालु तर्फको गो.भौ.नं २०८ मिति २०७५।३।१८ बाट ३६ वटा विद्यालयहरुलाई रु.१,४८,००,०००।० निकासा गरेको छ । यसरी निकासा दिदा कुन कुन विद्यालयहरुमा शिक्षकको अनुपातमा विद्यार्थीको चाप बढी भई निजी स्रोत बाट शिक्षक राख्नुपर्ने अवस्था परेको हो भन्ने कुराको अध्ययन तथा विश्लेषण नगरी रकम निकासा गरेको पाइएकोले उक्त रकम सही प्रयोजनमा खर्च भएको छ भनि यकिन गर्न सकिएन । साबिकमा सार्वजनिक विद्यालयमा जिल्ला शिक्षा कार्यालयल अन्तर्गत दरबन्दी बाहिरका निजी शिक्षकको लागि समुदायले पारिश्रमिक निर्धारण गरी समुदायबाटै लागत व्यहोरीने गरिएको थियो । त्यसरी रकम निकासा भएका विद्यालयहरुमध्ये शिक्षक तलब भत्ता निकासा विवरण र फ्ल्यास रिपोर्ट २०७४ अनुसार केही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको पाइयो । विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान, आवश्यकता, औचित्यता र उत्पादनशिलताको बिश्लेषण नगरी रकम बितरण गरेको अवस्थालाई उचित मान्न सकिएन | |

<table>
<tr><td></td><td>।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>शिक्षक संख्या</th><th>निजी शिक्षक अनुदान रकम</th></tr>
<tr><td>१</td><td>बन्दीपुर प्रावि</td><td>२३</td><td>२</td><td>२,००,०००</td></tr>
<tr><td>२</td><td>कैलपाल प्रावि कोखेत</td><td>२६</td><td>२</td><td>२,००,०००</td></tr>
<tr><td>३</td><td>केदार प्रावि बरायलगाडा</td><td>२०</td><td>१</td><td>२,००,०००</td></tr>
<tr><td>४</td><td>केदार प्रावि बिजुल</td><td>२६</td><td>२</td><td>२,००,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>११५.</td><td>कन्टिन्जेन्सी खर्च : मिति २०७४।१२।१ को गाँउपालिकाको बैठकले विभिन्न शिर्षकमा खर्च गर्नको लागि भनी कन्टिन्जेन्सी शिर्षकमा रु.३६,००,०००।० बजेट विनियोजन गरी सोही निम्नानुसार खर्च गरेको छ :
<table>
<tr><th>सि.नं.</th><th>खर्च शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>गाडी भाडा</td><td>५९२७००</td></tr>
<tr><td>२</td><td>करार कर्मचारीको तलब भत्ता</td><td>१४९५००</td></tr>
<tr><td>३</td><td>भ्रमण खर्च</td><td>२८६३३४</td></tr>
<tr><td>४</td><td>विविध खर्च</td><td>४०७२३८</td></tr>
<tr><td>५</td><td>सार्वजनिक निर्माण</td><td>१७२७४०४</td></tr>
<tr><td>६</td><td>कार्यालय सञ्चालन</td><td>४३६८२४</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३६०००००</td></tr>
</table>
कन्टिन्जेन्सी खर्च आयोजनामा हुने पूँजिगत खर्चको आधारमा आयोजनामा सहयोग पुग्ने निश्चित प्रतिशत रकम खर्च गर्न सकिने भएतापनि गाँउपालिकाले एकमुष्ठ रकम विनियोजन गरी खर्च गरेको उचित देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>११५.१.</td><td>कार्यालयले रौलेश्वर माविमा भवन पार्टेशन गर्ने, भवन मर्मत गर्ने र छाना सम्बन्धी कार्य गर्नको लागि तिनवटा निर्माण व्यवसायीसँग सोझै खरिद गरी क्रमश : मू.अ.कर सहित रु ४,४९,७६९।७५, रु.४,७७,३९८।११ र रु.४,७३,७९६।८१ गरी कुल रु.१४,००,९६४।६७ भुक्तानी गरेको छ । कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार एउटै खरिद प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्वारा खरिद गर्न सक्ने भएतापनि खरिद लाई तिनवटा टुक्रा बनाई सोझै खरिद गरेकोले सो खर्च नियमित नदेखिएको रु.</td><td>१४,००,९६४।६७</td></tr>
<tr><td>११५.२.</td><td>कार्यालयले गो.भौ.नं. २२ मिति ०७५।२।२३ बाट उपाध्यक्ष लिला कुमारी बिष्टलाई सिरक, तन्ना, बाल्टी, कुकर लगायतका समान खरिद गरेको भनी रु.६१,२००।० को बिल संलग्न गरी रकम भुक्तानी गरेको पाइयो । त्यस्तो सुविधा दिन मिल्ने कानून वा आधार प्रमाण भने पेश भएन । तसर्थ खर्च लेख्ने आधार वेगर खर्च लेखेकोले उक्त खर्च रकम नियमित नदेखिएको रु.</td><td>६१,२००।०</td></tr>
<tr><td>११५.३.</td><td>कार्यालयले गाडीभाँडा उपलब्ध गराइपाउँ भन्ने निवेदनको आधारमा गाँउपालिका सदस्य पुष्पा पाल चन्दलाई रु.५५,०००।० भुक्तानी गरेको पाइयो । विभिन्न मितिमा राजनीतिक पदाधिकारी चढेको भनी विभिन्न १० वटा सवारी लगबुक संलग्न गरेको भएतापनि रकम बुझाएको भर्पाई नराखेको साथै गाडी भाडाको प्रयोजन स्पष्ट गरेको छैन । उद्देश्य स्पष्ट नगरी गाडी भाडामा लिएको र भुक्तानीको प्रमाण लेखापरीक्षणमा पेश नभएकोले नियमित नदेखिएको रु.</td><td>५५,०००।०</td></tr>
<tr><td>११५.४</td><td>कार्यालयले गो.भौ.नं. ५४ मिति ०७५।३।२८ बाट नर बहादुर महराको रु ५०,०००।० पेश्की फछ्यौंट गरेकोमा संलग्न कागजात अनुसार खरिद आदेश माग फाराम र दाखिला प्रतिवेदन वेगर रु.१०,०२०। खर्च लेखेको रकम नियमित नदेखिएको रु.</td><td>१०,०२०।०</td></tr>
<tr><td>११५.५.</td><td>कार्यालयले गो.भौ.नं. ५७, मिति २०७५।३।३२ बाट अध्यक्षले दैनिक रु ६ हजारका दरले</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | गाडी प्रयोग गरेको भनी रु.३०,०००।० खर्च गरेकोमा गाडी कुन ठाउँको लागि र कुन प्रयोजनको लागि प्रयोग गरिएको हो भन्ने नखुलेको तथा सम्झौता रहेपनि गाँउपालिकाको तर्फबाट कसैले पनि सहिछाप नगरेको र सवारी लगबुक राखेको भएपनि पूर्ण तथा प्रमाणित नरहेको पाइयो । यसरी कागजात पूर्ण तयार नगरी र स्थान तथा प्रयोजन प्रष्ट नखुलाई गाडी प्रयोग गरेको उचित देखिएन । | |
| ११६. | **वित्तीय जवाफदेहिता मूल्याङ्कन** : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट "C" ग्रेड प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| ११७. | **बेरुजू** : पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.६ लाख ६५ हजार, अनियमित बेरुजू रु.७६ लाख ८७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२९ लाख २७ हजार र पेश्की बाँकी देखिएको रु.२३ लाख १३ हजार समेत रु.१ करोड ३५ लाख ९२ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले रु. १ करोड ३५ लाख ९२ हजार बेरुजू कायम भएको छ । | |
| ११८. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । नगरपालिकाले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १,१५,६१,९२२।० | ०।० | १,१५,६१,९२२।० |

| | | |
|---|---|---|
| ११९. | **अद्यावधिक बेरुजू स्थिति :** दनगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | जम्मा बेरुजू (F= C+D+E) |
|---|---|---|---|
| १,१५,६१,९२२।० | ० | १,३५,९१,६५४.६३ | २,५१,५३,५७६।६३ |

**अनुसूची १**

## सुर्नया गाँउपालिका बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | बैतडी | सुर्नया गाँउपालिका | ८५ | ५० | १३५९२ | ० | ० | ० | ८५ | ५० | १३५९२ | ६६५ | ७६८७ | २९२७ | ० | ० | १०६१४ | ० | २३१३ | २३१३ |

**अनुसूची २**

## सुर्नया गाँउपालिका सञ्चित कोष विवरण
## २०७४।७५

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सुर्नया गाँउपालिका | बैतडी | ६२६० | १५८५८४ | १२७५२४ | ९४० | २८७०४८ | १६१९२३ | ८८८५८ | ६९५६ | २५७७३७ | ३५५७१ |